# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY



भगवान् बुद्ध समक्ष ब्राह्मण मागंधीयले उनकी छोरीको विवाहको प्रस्ताव प्रस्तुत गर्दै

वर्ष-३८; अङ्क-११

बु.सं. २५६४, सि पुन्हि

आवरण चित्र परिचय

# ब्राह्मण मागंधीय

**- कल्याण मित्र सत्यनारायण गोयन्का**

अनुवाद- **वीर्यवती**

कुरु प्रदेश स्थित कम्मासधम्म निगम । यस निगम निवासी थिए ब्राह्मण मागंधीय । उनकी सर्वांग सुन्दरी सुवर्ण वर्णी पुत्री थिइन् मागंधीया । ब्राह्मणले उनकी रुपमती कन्यालाई उनी जस्तै सुवर्णवर्ण र अद्वितीय रुपवान् केटासंग विवाह गरिदिने इच्छा राखेका थिए । त्यसैले उनी यस्तो योग्य वरको असफल खोजीमा लागिरहेका थिए ।

एकदिन उक्त ब्राह्मण भारद्वाजको आश्रम हुँदै गइरहेको थियो । त्यहाँ एक वृक्षको छाँयामा भगवान् बुद्ध ध्यान गरिरहनुभएको थियो । यस्तो सवर्ण वर्ण र रुप शोभायुक्त व्यक्ति उनले कहिले पनि देखेको थिएन । भगवान् बुद्धमा उनले उनकी सुन्दरी कन्याको लागि सुहाउँदो र उसको मनले खाएको वर दर्शन भयो । यो व्यक्ति त वैरागी छ । त्यसैले यसले विवाहको प्रस्ताव ठुकराउन वेर छैन । त्यसैले आफ्नी रुपवती कन्यालाई यहिं ल्याउन पर्ला । सुन्दरी कन्याको रुप देखेर अवश्य पनि यो व्यक्ति आकर्षित हुने छ र विवाह गर्ने स्वीकृति दिनेछ । यति सोची उसले भगवान् बुद्ध समक्ष आफ्नो प्रस्ताव राख्दै भने–

“श्रमण ! कृपया तपाईं एकछिन यहिं बसिदिनु होला । मैले मेरी सुन्दरी पुत्रीलाई यहाँ ल्याउँदै छु । उनी तपाईंको जीवन संगिनी बन्न योग्य छिन् ।” यति भनी ब्राह्मण दुगुर्दै घर गयो । हतारिंदै उनले उनकी पत्नीलाई भने–

“तिमीले मागन्धीयालाई संगै लिएर आउनु । आज हाम्रो इच्छा अवश्य पूरा हुनेछ ।”

आमाचाहिंले उनकी पुत्री (मागंधीया) लाई सजाई धजाई गरी तयार गरिन् । ब्राह्मण ब्राह्मणी दुबैले मागन्धीयालाई साथै लिई भारद्वाजको आश्रम तर्फ हिंडे । तर त्यतिञ्जेल त्यहाँ भगवान् बुद्ध हुनुहुन्थेन । ब्राह्मणको फजुल कुरा सुनेर उहाँ त्यस स्थानबाट उठेर जानु भएको थियो । ब्राह्मणले बाटोमा भगवान् बुद्धको पद चिन्ह देख्यो र त्यसलाई पछ्याउँदै उ अगाडि बढ्यो । ब्राह्मणी त्यस समयको वैदिक साहित्य अनुसारको शरीर लक्षण ज्ञानमा निपुण थिइन् । त्यसैले उनीले भगवान् बुद्ध जुन आसनमा विराजमान हुनु भएको थियो, त्यस स्थानको उतार चढाव र उहाँको पद चिन्हलाई अध्ययन गर्दै भन्न थालिन् –

“यस पदचिन्ह भएको व्यक्ति वीतकाम हुन्छ । उहाँले कामवासनाको सांसारिक जीवनलाई कहिले पनि स्वीकार गर्नुहुन्न ।”

उनको यो कुरा सुनी ब्राह्मणले उनकी श्रीमतीलाई हप्काउँदै भन्न थाले –

“यस्तो मंगलको समयमा अमंगल कुरा नगर न ।” त्यहाँबाट केही पर उसले भगवान् बुद्धलाई देखे । त्यसैले उसले उनकी पुत्रीको हात पकडी भगवान् बुद्ध तर्फ अगाडि बढ्दै कराउनु थाल्यो –

“महाश्रवण ! मेरी यस रुपवती कन्यालाई स्वीकार गर्नुस् । यिनी सर्वथा तपाईंको लागि उपयुक्त छिन् र तपाईं यिनको लागि उपयुक्त हुनुहुन्छ । यिनीसंग तपाईंले सुखी गृहस्थ जीवन बिताउनुस् ।”

भगवान् बुद्धले भन्नुभयो–

ब्राह्मण ! म गृहस्थ जविनबाट मुक्त भइसकें । म वीतकाम हुँ । वीतराग हुँ । तिम्री पुत्रीलार्य कुनै अन्य व्यक्तिसंग विवाह गरिदिनु ।”

जब ब्राह्मणले बारम्बार जिद्दी गर्दैरहे, तब भगवान् बुद्धले भन्नुभयो–

“ब्राह्मण ! म अरहन्त हुँ । सम्यक सम्बुद्ध हुँ । सम्बोधि प्राप्त गन्दी बोधिवृक्षको मुनि जब मारदेवले मलाई साधनाच्यूत गर्न असफल भए, तब मलाई भुलाउन र लोभ्याउन उनका ३ जना सुन्दरी पुत्रीहरू आए । ती परम मोहीनी देवकन्याहरू प्रति पनि मेरो मनमा कति पनि वासना उत्पन्न भएन । यो त मल, मुत्रले भरिएको मानविय शरीर हो । मैले यिनलाई मेरो खुट्टाले समेट छुन चाहन्न । ब्राह्मण ! म समस्त वासनाहरूबाट सर्वथा मुक्त भइसकेको छु ।”

*( क्रमश: पेज २ मा हेर्नुहोला )*

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोनः ५३५९४६६**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*

**चिनीकाजी महर्जन**

फोन: ९८४१२५२६६२

**ज्ञानेन्द्र महर्जन**

फोन: ४२७५३७७, ९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघः नघःटोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

बुद्ध सम्बत् २५६४

नेपाल सम्बत् ११४०

इस्वी सम्बत् २०२१

बिक्रम सम्बत् २०७७

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. १००/- |
| यस अङ्कको | रु. १०/- |


# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**27th FEBRUARY 2021**

| वर्ष- ३८ | अङ्क- ११ | सि पुन्हि | फागुन २०७७ |
|---|---|---|---|


आँखालाई वशमा राख्नु असल छ, कानलाई वशमा राख्नु असल छ, नाकलाई वशमा राख्नु असल छ, जीब्रोलाई वशमा राख्नु अशल छ ।

शरीरलाई वशमा राख्नु असल छ, वचनलाई वशमा राख्नु असल छ, सबै इन्द्रियलाई वशमा राख्नु असल छ । सबै इन्द्रियलाई वशमा राख्ने भिक्षु सबै दुःखबाट मुक्त हुनेछ ।

जुन व्यक्तिले आफ्नो हात, खुट्टा र वचनलाई उत्तम प्रकारले संयम गर्छ, जुन व्यक्तिको चित्त राम्ररी ध्यानमा लागेको हुन्छ, जुन व्यक्ति सन्तुष्ट एकान्तवासी हुन्छ, त्यही व्यक्ति भिक्षु हो ।

चित्त संयम भएको व्यक्तिले विचार पुऱ्याई कुरा गर्छ, चञ्चल नभएको व्यक्तिले अर्थ र धर्म प्रकाश गर्छ । यस्तो व्यक्तिको भाषण मधुर हुन्छ ।

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | सम्पादकीय - शान्त र निर्बिघ्न पूर्वक बाँच्न पाउनु प्राणीहरूको अधिकार | | ३ |
| ३) | मृत्यु | – लेलिन शाक्य | ३ |
| ४) | सविवेक श्रद्धा | – सत्यनारायण गोयन्का | ४ |
| ५) | बुद्ध वचन | – भन्ते प्रज्ञालोक | ५ |
| ६) | कात्यायनी | – माधवी गुरुमां, अनु. वीर्यवती | ६ |
| ७) | गामणी जातक | – प्रकाश बज्राचार्य | ८ |
| ८) | महाभिज्ञालाभिनी यशोधरा स्थविरा | – यशोधरा बज्राचार्य | ९ |
| ९) | थःथितिप्रति पूवंकेमाःगु कर्तव्य | – सुनिता मानन्धर | २२ |
| 10) | Loving-Kindness: A Path to Peace | – Ariya Nani | 23 |
| ११) | धम्म डिजिटलको प्रथम वार्षिक उत्सव | – | कभर पछाडि |
| १२) | ब्राह्मण मागंधीय | – सत्यनारायण गोयन्का | अगाडि कभरको भित्री |


### आवरण चित्र परिचयको बाँकी अंश ... ...

ब्राह्मण दम्पत्ति उनीहरूको उद्देश्य पूरा नभएको कारणले निराश भए। परन्तु उनीहरूलाई विश्वास लाग्यो कि– “यो व्यक्ति साँच्चिकै सम्यक सम्बुद्ध हुनुहुन्छ। हामी पनि उहाँले बताउनु भएको मुक्ति मार्ग प्राप्त गर्ने कार्य सिकेर आफ्नो मानव जीवन सार्थक गरौं। पुत्रीलाई आफ्नो भाई चुल्ल मागंधीयलाई सुम्पिंदै भन्नथाले– “तिमीले यसको लागि उचित वर खोजेर विवाह गरिदिनु।”

(यति भनी आफ्नी पुत्रीको जिम्मेवारी भाईलाई सुम्पिसकेपछि) ब्राह्मण उनकी पत्नी (ब्राह्मणी) दुवै भगवान् बुद्ध समक्ष रहे। उहाँसंग विपश्यना साधना सिकी दुवै पति-पत्नी पुरुषार्थ गर्दै अरहन्त अवस्था प्राप्त गरे।

मागन्धीयालाई आफ्नो रुपको ठूलो अभिमान थियो। उनलाई भगवान्ले उनको रुपको घोर अनादर गरेको महशूस भयो। भगवान् बुद्धले “उनको शरीर मल, मूत्रले भरिएको छ, त्यसैले मैले उनीलाई मेरो खुट्टाले पनि छुन चाहन्न।” भन्नुभएको यो कुराले उनको मनमा बिच्छेले डसे जस्तै चुभिरहेको थियो। उनीले जीवनरभरको लागि भगवान् बुद्धलाई दुश्मनी दृष्टिले हेर्न थालिन्। यसरी आमा बुबा दुबैले भगवान् बुद्ध दर्शन गरी (अमूल्य) लाभ प्राप्त गरे भने उनीहरूका छोरीले भने द्वेष युक्त दुर्भावनाको वशमा गई आफ्नो भविष्य बिगारिन्। ■

## धर्मकीर्ति पत्रिका साधारण सदस्यता नवीकरण सम्बन्धी विशेष सूचना

**बि.सं. २०७८ साल बैशाख महिना देखि धर्मकीर्ति पत्रिकाले वर्ष ३९, अङ्क १ मा प्रवेश गर्दैछ। पत्रिकाको वार्षिक ग्राहकहरूद्वारा यस पत्रिकाको साधारण सदस्यता समयमा नै नवीकरण गराउनु भई वर्ष ३९ का सबै अङ्कहरू (१-१२) प्राप्त गरी सहयोग गरिदिनहुन अनुरोध गरिएको छ।**

**वार्षिक ग्राहक शुल्क रु. १००/– नै कायम भएको सूचना पनि जानकारी गराइएको छ।**

**धर्मकीर्ति पत्रिका, धर्मकीर्ति विहार**

श्रीघः, नःघः, काठमाडौं, नेपाल।

## ▪ सम्पादकीय ▪

# शान्त र निर्बिघ्न पूर्वक बाँच्न पाउनु प्राणीहरूको अधिकार

शान्ति एवं स्वतन्त्रपूर्वक जीवन जीउन पाउनु प्राणीहरूको जन्मसिद्ध अधिकार हो। यस अधिकारलाई हनन गर्नु महान अपराध हो। प्रकृतिले दिएको यस अधिकारलाई जसको कारणले हनन हुन्छ, उसले प्रकृतिको नियमलाई उल्लंघन गरेको ठहरिन्छ। जसले प्रकृतिको नियम उल्लंघन गर्छ, उसलाई प्रकृतीले अवश्य दण्ड दिने गर्छ। प्राकृतिक नियम पालन गर्नु भनेको नै धर्म पालन गरेको हुन जान्छ। जसले धर्म पालन गर्छ, उसलाई मात्र धर्मले रक्षा गर्ने दस्तुर छ। त्यसैले भगवान् बुद्धले भन्नुभएको छ –

**"धम्मो हवे रक्खतीति धम्मचारी"**

आफ्नो मन वचन र शरीरद्वारा अरूको मन, धन, शरीर र यशकीर्तिमा हानी नहुने गरी काम गर्नु, कुरा गर्नु र योजना बनाउनु नै धर्म पालन गरेको हुनेछ। अर्को शब्दमा भन्ने हो भने आफ्नो र अरुको भलो सोची निश्वार्थपूर्वक काम र कुरा गर्न सक्नु नै प्रकृतिको नियम पालन गरेको ठहरिन्छ। यसरी इमान्दारपूर्वक नियम पालन गर्ने व्यक्तिले मात्र भाग्यरुपी फल भोग्न पाउने छ। तर जसले आफ्नो मात्र स्वार्थ पूर्तिको लागि अरुको अहित र हानी पुऱ्याउने काम गर्छ, उसले यसको परिणाम दुःखपूर्ण जीवन बिताउनु पर्ने हुन्छ। यस प्राकृतिक नियमले कसैलाई भेदभाव गर्दैन। यहाँ जुन अवस्थामा पनि मनले भूमिका खेलिरहेको हुन्छ। दुषित चित्तले स्वार्थी र मतलबी बनाउन सिकाउँछ भने निर्मल चित्तले आफ्नो र अरुको भलो सोच्छ। यसरी कर्मरुपी भूमिमा हाम्रो मनले भाग्य र दशाको बीऊ रोपिरहेको हुन्छ। त्यसैले भन्ने गरिन्छ –

**"जहाँ सुमति वहाँ सम्पत्ति नाना"**
**जहाँ कुमति वहाँ विपत्ति निधाना"**

यसरी हाम्रो मन वा नियत राम्रो भएमा मात्र हाम्रो जीवन राम्रो हुने रहेछ। हाम्रो नीजि भाग्य र दशा बनाउने जिम्मेवारी हामी आफैमा भरपर्दो रहेछ।

त्यसैले भगवान् बुद्ध भन्नुहुन्छ –

**"चेतनाहं भिक्खवे कम्मं वदामि"**

अर्थात्– हाम्रो कर्मको फल हाम्रो चेतनामा भर पर्दछ।

यी स-साना दुई धर्सामा कोरिएका ज्ञानले हामीलाई आ-आफ्नो भाग्य कोर्ने ज्ञान प्रष्टाइरहेको छ। त्यसैले हामीले आफ्नो जीवन उकास्न अरूको जीवनमा हानी पुऱ्याएर होइन, अरुको भाग्य खोसेर होइन, अरूको जीवनमा दखल दिएर होइन, आफ्नो र अरुको हीत सोचेर काम गर्ने, कुरा गर्ने र योजना बनाउने अभ्यास गर्नु पर्दो रहेछ। किनभने यस संसारमा शान्त र निर्विघ्न पूर्वक बाँच्न पाउने अधिकार सबै प्राणीलाई प्रकृतिले दिएको छ।

## मृत्यु

✍ **लेलिन शाक्य**

मां छं ब्यूगु जन्म खः थ्व जीवन
छाय् थ्व हाकनं जुइमाःगु मरण
ल्हाय् दैगु सासः खः प्राण च्वंत्तले
वनी मखु थें थ्व मां धाय् दत्तले
म्हां धाय्मदु थ्व वने हे माःगु
छन्हु सकलें अन शरण वयागु
वनकि वनी थ्व खने मदय्क वनी
जन्म कयाः गर्भ हानं मेगु योनी
यंके दै अन्त्ये पाप व पुण्य निता
यःसां त्वःतेमाः थन फुक्क मेता।

# सविवेक श्रद्धा

✍ सत्यनारायण गोयन्का

तीनै वेदमा पारंगत विद्वान् वक्कलि ब्राह्मण आश्रममा पुगेछ । महापुरुषहरूमा हुने बत्तीस लक्षणले परिपूर्ण तथागतको सुन्दर तेजस्वी शरीर देखेर वक्कलि ब्राह्मण सहजै आकर्षित हुनपुगे । भगवानको अङ्ग अङ्गबाट प्रस्फुटित प्रभा-रश्मि देखेर ब्राह्मण तुरुन्त नै प्रभावित हुन पुगे । उनको अन्तरमनबाट निस्किएको अपरिमित मैत्री र करुणाको तरङ्गको प्रभाव पनि थियो । वक्कलिले निर्णय गऱ्यो । कि भगवानको यस रुपको दर्शन म सँधै गरिरहन्छु । अतः उसले घरबार त्यागेर प्रव्रजित भए र भिक्षु संघमा सम्मिलित भए । भगवान्को सामू रहेर अधिक भन्दा अधिक सुखप्राप्त गर्नु नै उनको लक्ष्य थियो । उनी भक्तिको आवेशमा आएर रसमा लोलुप भएको भमरा झैं भगवानको रुपमा मख्ख हुन थाले । उसलेशीलको वास्ता गरेन, समाधिको लागि अभ्यास पनि गरेन विपश्यनाद्वारा प्रज्ञा जागृत गर्ने प्रयास पनि गरेन । जहिले पनि भगवानको सामू बसेर उनको प्रभा मण्डल सहितको मुहारलाई एकटकले हेरिरहन्थ्यो । भगवान तथागत यस नयाँ भिक्षुको भावावेश पूर्ण भक्तिले सत्य धर्मबाट वञ्चित भएको हेरिरहनुभएको थियो । भगवानले उनलाई केन्द्रित गर्दै भन्नुभयो, "अरे, भिक्षु ! मेरो शरीरलाई पागलले झैं के हेरिरहेको ? मेरो रुप, कायमा के ध्यान दिइरहेको ? यो शरीर भित्र पनि त्यत्तिकै फोहर छ, गन्ध छ । यो मेरो शरीर पनि अन्यको जस्तै हो । यदि मलाई हेर्ने हो भने म भित्र रहेको धर्मलाई हेर । जसले धर्मलाई हेर्दछ उसले नै मेरो वास्तविक रुपलाई हेरेको हुन्छ । सही अर्थमा मलाई हेर्नेले म मा रहेको सत्य धर्मलाई देख्दछ बाहिरी शरीरलाई होइन ।"

**यो खो धम्मं पस्सति, सो मं पस्सति ।**
**यो मं पस्सति, सो धम्मं पस्सति ॥**

महाकारुणिकको यस धर्ममय वाणी सुनेर वक्कलि ब्राह्मणको प्रज्ञा चक्षु खोल्यो । उसले भगवान त साँच्चैकोको धर्मको मूर्त रुप हो भन्ने बुझे । अतः उनको दर्शन केवल काया दर्शनसम्म मात्र सिमित रह्यो भने साँच्चै पागलपनमात्र हुन्छ । उनको दर्शनमा सत्य धर्मको दर्शन हुनुपर्दछ, **दिट्ठधम्मं निब्बाणं**को दर्शन गर्नु पर्दछ । यो सांदृष्टिक निर्माण धर्म त अन्तरमुखी भएर स्वयं आफ्नो भित्र हेर्नको लागि हो, बाहिर हेर्नको लागि होइन, ब्राह्मणले कुरा बुझ्यो । प्रज्ञाद्वारा आफू भित्रको सत्य धर्म दर्शन नगरीकन बुद्धको चीवर पकडेर उनको पछी लाग्ने व्यक्ति उनीसँगै रहेर पनि कोसौं टाढारहेको सरह हुन्छ । भगवान भन्दा हजारौं माइल टाढा रहेरकुनै एकान्त स्थानमा रहेर अन्तरमुखी भई आफू भित्रको सत्य धर्मको साक्षात्कार गर्ने ब्यक्ति नै उनको समीपमा रहेको हुन्छ । धर्मको साक्षात्कार नै बुद्धको साक्षात्कार गर्नु हो । धर्मको नजीक रहनु नै बुद्धको नजीक रहनु हो । त्यसो भए बुद्ध के हो त ? सम्यक-सम्बोधिको जिउँदो स्वरुप नै बुद्ध हो ।

वक्कलिको मनमा छाएको भक्ति भावावेशको अन्धकार हट्दै गयो । सत्य धर्मको आलोक देखिंदै आयो । उसले भगवानसँग विपश्यनाको कर्मस्थान सिके र एकान्तमा गएर अभ्यास गर्न थाले । पुरानो भक्ति भावावेशले वीच-वीचमा केही बाधा गऱ्यो तर पनि यस साधकले निर्वाणको साक्षात्कार गरी छाड्यो । सबै आश्रव, क्लेश तथा वन्धनहरूलाई मिल्काई नितान्त विमुक्ति अवस्था प्राप्त गऱ्यो ।

अतः अन्ध भक्ति, अन्ध विश्वास र अन्ध श्रद्धाले ब्याप्त साधक सही अर्थमा उन्नति गर्न सक्दैन ।

भगवान् बुद्धले भन्नुभयो– **तुम्हेहि किच्चं आतप्पं अक्खातारो तथागता** अर्थात् तथागतले त केवल मार्ग प्रसस्त गर्दछ, विधि बुझाइदिन्छ काम त आफैंले गर्नुपर्छ । सारा मार्ग त आफैंले हिंडेर पार गर्नुपर्छ । यस यथार्थबाट टाढा रहेर बुद्धलाई अथवा अन्य कोही आचार्यलाई तारक मानेर साधना धर्मको अभ्यास नगरी उनी माथि नै निर्भर रहेर आफूलाई असमर्थ र निर्बल ठानेर बस्यो भने त साँच्चै काम नलाग्ने जस्तै हुन्छ । धर्मको नाममा यस्तो भावनामयी भक्तिको हीन भावना कदापि कल्याणकारी हुन सक्दैन । आफ्नो कल्याणको लागि आफ्नो आत्मबल जीवित राख्नुपर्दछ । आत्मबल बनाई राख्नु र मुक्ति पथमा अगाडि बढ्नको लागि संधै जागरुक भइरहनु अहमन्यता होइन ।

विमुक्ति मार्गमा जानको लागि आत्मभावको अहंमन्यताबाट बच्नु पर्दछ । आफू भित्र निहित अहंकार, ममकारलाई निकाल्नु अनिवार्य छ । परन्तु अहंकार निकाल्ने भनेर मनमा हीन भावना जगाएर आफैंलाई दुर्बल र काम नलाग्ने ठान्नु होइन । आफ्नो मार्गदर्शक धर्म गुरुको प्रति श्रद्धा, भक्ति र कृत्तज्ञातापूर्ण विनम्रता बनाउनु नराम्रो होइन । परन्तु यसको साथै आफ्नो ज्ञान-विवेकको आँखा खोलीराख्नु पर्छ । आफ्नो गुरुको प्रति अन्ध श्रद्धा, अन्ध भक्ति र अन्ध विश्वासमा डुबेर अलौकिक चमत्कार हेर्नु देखाउनु शिष्य तथा आचार्य दुबैको लागि उत्तिकै हानिकारक हुन्छ । यस अन्ध भावावेशमा शिष्य र आचार्य फस्यो भने त्यहाँ मार्ग पनि पतन हुन्छ । इतिहास साक्षी छ, कसरी भगवान्को यो कल्याणकारी विपश्यना पद्धति सिद्धिहरूको चमत्कारको चक्करमा फसेर यस देशबाट सर्वथा विलुप्त भयो । केवल गुरुको महिमा मात्रै गाएर अन्ध श्रद्धाको पोषण गरेर यस विशुद्धि मार्गलाई दूषित गऱ्यो । र भगवानको परिनिर्वाणको एक-दुई शताब्दी पश्चात् नै भारतवर्षबाट यो कल्याणकारी मार्ग लोप भयो । शील, समाधि र प्रज्ञाको यो परम परिशुद्ध धर्म विपश्यना साधनाको मार्फत लामो समय पछि पुनः एकपटक जागृत भएको छ । यस मार्गको विशुद्धि बनिरहोस् जसबाट कि सद्धर्म चीरकालसम्म प्रतिष्ठित भइरहोस् । यसको लागि कोही पनि साधक-साधिकाले आफ्नो मार्ग निर्देशक आचार्यको कुनै पनि अलौकिक चमत्कारलाई प्रोत्साहन नदिनु । उनको प्रति ईश्वरीय भाव जगाएर अन्ध श्रद्धामा नडुब्नु । तबमात्र गुरु-शिष्यको स्वच्छ, स्वस्थ आदर्श परम्परा स्थापित हुन सक्छ र चीरकालसम्म सबैको कल्याणकारी बनीरहन्छ ।

विपश्यना धर्म वर्तमानमा जिउने धर्म हो । यस समय जस्तो अनुभव भइरहेछ त्यही मात्र हामीलाई काम लाग्ने हुन्छ । अतः कल्पना र कामनाबाट बच्नु । झूठो आशा र आकांक्षाबाट बच्नु । आफ्नो प्रज्ञा स्वयं जगाएर यस क्षणको यथार्थ दर्शन गर्नु आवश्यक छ । यही '**अत्तसम्मा पणिधि**' हो, यही धर्मको आलम्बन हो । ज्ञान, विवेक, विद्या, प्रज्ञा र बोधिको आलम्बन हो ।

*साभारः 'विपश्यना' वर्ष १९, अङ्क ३,*
*बुद्ध वर्ष २५४६, २०५९ असार*

## धर्मकीर्ति पत्रिकालाई चन्दा सहयोग

**लोकेश्वर टोल जावला खेल निवासी दाता मोतीलाल शिल्पकारले धर्मकीर्ति पत्रिकालाई रु ५००/– चन्दा प्रदान गर्नुभई पुण्य सञ्चय गर्नुभएको छ । धर्मकीर्ति पत्रिका दातापरिवारको आयु आरोग्य कामना गर्दै साधुवाद व्यक्त गरेको छ ।**

## बुद्ध वचन

**– भन्ते प्रज्ञालोक**

न्ह्यागु अवस्थाय् नं मन न्हापालाक वनी ।
ज्याय् वा खँय् नं मन हे मुख्य जुयाच्वनी ।
संस्कार धर्म नं मनं हे दय्कूगु जुयाच्वनी ।
मनं हे सकतां निर्माण याःगु जुयाच्वनी ।
यदि प्रदुष्टगु मनं ज्या वा खँ ल्हाःसा
उकीया विपाक दुःख जुयाच्वनी ।
गाडा साःम्ह डोहँया ल्यूल्यू घःचाः तुलावइगु गथे
ल्यू ल्यू दुःख नं नापं हे वइगु अथे ।
यदि भिंगु शुद्धगु मनं ज्या वा खँ ल्हाःसा
उम्ह व्यक्तिया ल्यू ल्यू सुख वयाच्वनी ।
झी न्ह्याथाय् वंसां किचः ल्यू ल्यू वइथें ।
मेगु कर्मया फल सुख नं लिसे वयाच्वनी ।
उकिं झीत सुख शान्ति माःधयागु खःसा
सम्यक वचनं व्यवहार याय् सय्कि
भिंगु मतिं जीवन हना यंके सय्कि
थ्व हे खः बुद्ध वचन धकाः थुइकि
मिथ्या मार्गय् वनकि दुःख ज्वी धकाः सीकि
बुद्धया ज्ञान कयाः दुःखं मुक्त ज्वी फय्कि ॥

# कात्यायनी

नेपाल भाषा अनुवाद - **माधवी गुरुमां**
नेपाली भाषा अनुवाद - **वीर्यवती गुरुमां**

अवन्ति जनपदको कुरर भन्ने नगरको एउटा सम्पन्न परिवारमा कात्यायनीको जन्म भयो । कात्यायनी बाल्यकाल देखिनै हँसिलो साथसाथै उदार ह्दयकी थिइन् । कुनै पनि गरीब उनको दैलोमा आएको देख्ने बित्तिकै उसलाई खाली हात फर्काउँदैनथ्यो । दुःखीहरूको सेवा कार्यमा संधै खुशी हुन्थिन् । यौवनावस्थामा पुगेपछि उनको उदारताले गर्दा उनको नाम प्रख्यात भएको थियो ।

राजगृहकी काली नाम गरेकी एकजना कुलीन युवतीको बिबाह कुरर घरमा सम्पन्न भयो । मिल्दो जुल्दो स्वभावका कारण उनको कात्यायनी संग छिटै मित्रता बस्न गयो । यी दुईजना भेट हुने बेलामा संधै कालीले भगवान् बुद्धको उपदेशबारे कुरा गर्दै उहाँको गुणगान गर्ने गर्दथिन् । उनको कुरामा मुग्ध भएर कात्यायनी पनि ती मङ्गलमय उपदेशलाई पालना गर्ने प्रयास गर्थिन् । केही समय पछि कालीको सुपुत्र कुटिकण्णसोण स्थविर भगवान् बुद्ध दर्शन गरी जेतवन विहारबाट फर्केका थिए । उनकी स्नेहमयी माता काली र माता सरह माया गर्ने कात्यायनीले कुरर घरमा उनको भव्य स्वागत गरे ।

आमाको आग्रह स्वीकार गरेर एकदिन उहाँ रातीको समयमा धूप र फुलबाट सुगन्धित एउटा सुन्दर मण्डपमा बस्नु भयो । त्यसको वरिपरि नगरका असंख्य मानिसहरू आफ्नो भाग्यप्रति धन्य हुँदै उहाँबाट भगवान् बुद्धको पवित्र उपदेश सुन्नका लागि जम्मा हुन आए । त्रिरत्न वन्दना गरिसकेपछि उपदेश सुन्ने कार्यक्रम थियो । काली उपासिकाले धूप–दीप आदि राखेर पूजा सामान तयार गर्दै थिइन् ।

रात्रीको नीरवतामा चोरहरूले बिचार गरे– आज प्रायजसो घरमा मानिसहरू छैनन् । यस्तो मौकामा किन नचोर्ने ? त्यसैले बथानमा आएका चोरहरू धमाधम घरको भित्ताहरू फोड्न थाले । भित्र छिर्ने प्वाल पार्न थाले । सबै चोरहरूलाई काम अन्हाई चोरको सरदार सबै मानिसहरू जम्मा भइरहेको ठाउँमा आएर किन यिनीहरू भेला भएका होलान् भन्ने कुरा बुझ्न आए । संयोगवस् उ काली र कात्यायनी बसीरहेको ठाउँमा पुगे । उनीहरूकै पछिल्तिर उभिन पुगे । चोर तर्फ कसैको ध्यान गएको थिएन । त्यहिबेला उपासिका कात्यायनीले उनको सेविकालाई भनिन्– “सेविका ! तिमी घरमा गएर घ्यू र दीयो आदि लिएर आउ । म यहिं बसेर साथीहरूसंग प्रार्थना गरी पुण्य फलको भागी हुनेछु ।” कालीले आफ्नी सखीलाई घ्यू र दीयो ल्याउन बिर्सेको कुरा भनिन् मात्र, तर श्रद्धाशील कात्यायनीले आफ्नी दासीलाई घरमा लिन नै पठाइन् ।

घरमा पुग्दा दासीले केही आवाज सुनिन् । उनले लुकेर प्वालबाट चियाएर हेरिन् । उनले घरको भित्ता फोडेर प्वाल पारिराखेको देखिन् । प्वालबाट चोरहरू घर भित्र छिरिसकेका थिए । तिनीहरूले धन, आभरण आदि चोरेर लान ठिक्क पारिराखेको पनि देखिन् । उनी डरले थरथर काँपिन् । अनि बिना आवाज छिटो छिटो गएर मालिकनी समक्ष सबै बृतान्त सुनाइन् । उनको कुरा सुनेर चोरको सरदारले सोच्यो– “यदि मालिकनी (कात्यायनी) घरमा फर्केर गयो भने त्यसलाई त्यहिं दुई टुक्रा पारिदिनेछु ।”

धर्मोपदेश शुरू भइसकेको थियो । कात्यायनी श्रद्धापूर्वक उपदेश सुनिरहेकी थिइन् । त्यसैले उनले सेविकालाई भनिन्– “लगे लग्न देऊ, अहिले यहाँ उपदेश सुनिरहेको बेलामा बाधा दिन नआऊ । चोरहरू भौतिक धन लगिरहेका छन् त, लैजान देऊ । आज म अमूल्य उपदेशरूपी धन संगाली रहेकी छु । यसमा बाधा नदेउ ।” श्रद्धासम्पन्न कात्यायनीको गम्भीर उत्तर सुनेर चोरको सरदारको कठोर मन पग्लियो । उसको मनले उसलाई नै धिक्कान्यो र भन्यो– “के तिमी त्यो एक महिला भन्दा पनि तुच्छ छौ ? जुन धनलाई त्यस महिलाले तुच्छ सम्झेर त्याग गन्यो, त्यहि धन तिमी चोर्न खोज्दैछौ ? यो कत्रो पापी काम रहेछ ? यदि मैले त्यस्ती पूण्यशील महिलाको धन चोरेर लगें भने त म धरतीमा धसेर जान्छु होला ।”

चोरको सरदारको मन परिवर्तन भयो । अनि आफ्ना चोर साथीहरूकहाँ गएर सबै कुरा बताए । चोरिसकेको धन सबै त्यहिं छोडेर सबै चोरहरू धर्मोपदेश सुन्न आए ।

रात बित्यो, सूर्य उदाउन थाल्यो । मानौं अमृतरूपी वर्षा जस्तो उपदेश सुन्न पाएकोमा बिहानीपखको सुमङ्गल बेलामा समस्त नरनारीको मनमा हर्षको लहर थियो ।

कात्यायनी पनि आफ्नो घर फर्किन् । केही समय पछि चोरको सरदार आएर कात्यायनीको चरणमा ढोग गरी क्षमा याचना गर्न थाल्यो । अनि पश्चाताप गर्दै भन्न थाले– "आर्या ! मलाई क्षमा गर्नुस् ।" कात्यायनीले उसलाई चिन्न सकिनन् । त्यसैले उनी भन्न थालिन्– "भाई ! तपाइँले म उपर के अपराध गर्नु भयो र ? किन म संग क्षमा माग्दै हुनुहुन्छ ?"

अनि चोरहरूले रातीको सम्पूर्ण घटना बताए । चोरहरूको नराम्रो बिचार परिवर्तन भएको कुरा सुनेर कात्यायनी ज्यादै खुशी भइन् । उनीले भनिन्– "म सबैलाई क्षमा दिन्छु ।"

यो कुरा सुनेर चोरहरूले भने– "देवी ! यति भन्दैमा हाम्रो मनले कसरी शान्ति प्राप्त गर्न सक्छन् र ? हामी सबैले नराम्रो कर्म त्यागेर असल जीवन जीउने ईच्छा गरेका छौं । अनि मात्र शान्ति प्राप्त गर्न सक्नेछौं । तपाईको कारणले मात्र हामीले नयाँ मार्ग प्राप्त गऱ्यौं । नयाँ किरण प्राप्त गऱ्यौं । तपाइँले नै हामीलाई प्रव्रजित गराई दिनुस्, देवी ।"

चोरहरू आफ्नो कुकर्म देखि पश्चाताप भएको देखेर दयावान उपासिका कात्यायनीले उनीहरूलाई स्थविर कुटिकण्णसोण समक्ष लगिन् । तिनीहरू सबैले त्यहाँ प्रव्रज्या ग्रहण गरी भिक्षु भए । सबैले नै कठीन साधना गरी ज्ञान प्राप्त गरी अर्हत पद प्राप्त गर्न सफल भए ।

आफ्नो त्याग भावना र असिम श्रद्धाको कारण चोरहरूको समेत जीवन परिवर्तन गर्ने कात्यायनीको त्यो त्याग र श्रद्धा, अनि संधै उपदेश सुनेर त्यसलाई आफ्नो जीवनमा पालना समेत गर्ने उनको स्वभावलाई प्रशंसा गर्नुहुदै महाकारूणिक भगवान् तथागत ज्यादै प्रसन्न हुनुभयो । जेतवन महाविहारमा निवास गर्नु भएको समयमा भगवान् तथागतले उपासिकाहरूलाई योग्य स्थान प्रदान गर्नुहुदै कात्यायनीलाई अति प्रसन्न रहने उपासिकाहरूमध्ये अग्र स्थान प्रदान गर्नुभई कृतार्थ पार्नु भयो । ■

**पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु**
**पुण्य (कुशल कर्म) गर्दै जानु ।**
**आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ॥**
**यही नै बुद्धको उपदेश हो ।**

**बिश्व मोटर ट्रेडर्स**
**ख–२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।**
**फोन नं.: ०१–४२३८१४७, ९८५१०५११३१, ९८५१०५११४७**
**e-mail: vishwamotor@gmail.com**

**टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्हरूको साथै ब्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।**

# गामणी जातक

✍ **प्रकाश बज्राचार्य**

"आचार्य ! अब के गर्नु जाति होला त ?"

"कुमार ! आफ्ना आमा-बाबुलाई छोडेर नजाऊ ।"

"तर मेरा शयजना दाइहरूले मेरो बाबुले दिएको एक एक राज्य लिई गइसके । मलाई दिएको राज्य मात्रै मैले किन नलिने ?"

"राजकुमार ! कुरो बुझ्ने कोसिश गर । राजाले दिएको एउटा सानो राज्य लिएर के गर्ने ? तिमीमा बुद्धि छ, हौसला छ, विनम्रता छ । तिमीले सारा देशको शासन गर्नु छ, त्यसैले राज्यको लोभमा नअलमलिऊ । सुन, म भन्छु– तिमी राजाकहाँ गएर भन कि तिमीलाई राज्य चाहिदैन । तिमी आफ्ना आमा-बाबुलाई नै सेवा गर्न चाहन्छौ, राजकाजमा सघाऊ पुऱ्याउन चाहन्छौ भन । र यसरी राजकुमार, तिमी राजालाई सेवा पनि गर्नेछौ र देशको शासनमा हात पनि हाल्न पाउने छौं ।"

"अनि के गर्ने त गुरु ?"

"अनि तिमीले दरवारको उद्यानका राम्रा फलफूल जनतामा बाँडिदेऊ, ती सित्तै गइरहेका छन् । कर कम गरिदेऊ । विकासका काम गरिदेऊ । बेरोजगारलाई काम दिलाईदेऊ । न्याय खोज्नेलाई न्याय पुऱ्याइदेऊ । शान्तिपूर्वक, न्यायपूर्वक, धर्मपूर्वक शासन चलाउनमा राजालाई मद्दत गर । राजकुमार ! यसरी तिमीलाई राजाले पनि मनपराउने छ, मन्त्रीले पनि मनपराउने छ, भारदारले पनि मनपराउने छ, जनताले पनि मनपराउने छ ।"

"आचार्य, हुन्छ ! म त्यस्तै गर्छु । म गएर बुबालाई मलाई राज्य चाहिंदैन, तपाइंकै नै सेवा गरेर बस्ने मौका दिनोस् भन्न जान्छु ।"

"जाऊ, कुमार ! आशिर्वाद छ मेरो ।"

राजाको देहावसान भयो ।

मन्त्री भारदारहरूको छलफल चल्यो । अब कसलाई राजा बनाउने ?

सबैले एकै स्वरमा गामणी राजकुमारको नाउँ लियो । ५ वर्षदेखि देशमा सुशासन चलाउनमा हात हुने कान्छो राजकुमार गामणीलाई नै सबैले रूचाए । देशका भलोको लागि आफ्ना एक शय दाइहरूले जस्तै कुनै एक राज्य नलिई दरवारमै बस्ने राजकुमार गामणीलाई नै सबैले राजा रोजे ।

कान्छो राजकुमार गामणी अब राजा भयो ।

ससाना राज्य चलाइराख्ने दाईहरूकहाँ यो खबर पुग्यो । उनीहरू छँदा छँदै कान्छोलाई देशको राजा बनाएकोमा उनीहरू रिसले जुर्मुरिए । सबै दाईहरू मिली गामणी कुमारलाई हमला गर्ने तैयार भयो ।

"आचार्य ! मेरा दाईहरू मसंग लडाइँ गर्न चाहन्छन् ।"

"राजा गामणी ! लडाइँको केही अर्थ छैन । दाजु भाइ लडेर के फाइदा ? लडाइँले जित्नुभन्दा शान्तिले जित्नु जाति छ । युद्ध-विजयभन्दा शान्ति श्रेष्ठ छ ।"

"गुरु ! शान्ति विजय कसरी गर्ने ?"

"तिमी आफ्नो राज्यलाई १०० भाग गरी दाईहरूलाई बाँडिदेऊ । उनीहरू त्यसपछि तिम्रा शत्रु रहने छैनन् । अज्ज उनीहरू तिम्रै अधिनमा बसेर राज्य चलाउन मान्न सक्छ ।"

"हुन्छ, गुरु, म त्यस्तै गर्छु ।"

राजकुमार गामणीले त्यस्तै गरे । उसका सबै दाइहरूले उसैको अधिनमा बसी राजकाज चलाउनमा मद्दत दिन थाले ।

यो जातक कथा भगवान्ले एक हरेश खाएका भिक्षुको कारणले बताउनु भएको थियो । यसमा राजकुमारलाई सल्लाह दिने गुरु स्वयं बोधिसत्व हुनुहुन्थ्यो ।

## बुद्धहरूको मूल शिक्षा

"सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा; सचित्त परियो दपनं एतं बुद्धान सासनं"

अर्थ- **"कुनै प्रकारका पापकर्म नगर्नु, कुशल (राम्रो) काम गर्नु र आफ्नो चित्तलाई परिशुद्ध राख्नु ।"**

**Not To Do Evil, To Cultivate Merit, To Purify One's Own Mind.**

*भावार्थ- **"पाप कर्म नगर्दैमा पुग्दैन र कुशल कर्महरू मात्र गरेर पनि पुग्दैन । मुख्य कुरो त आफ्नो चित्त शुद्ध हुनुपर्छ ।"***

# महाभिज्ञालाभिनी यशोधरा स्थविरा

✍ **यशोधरा बज्राचार्य**, किम्डोल

**भूमिका –**

बोधिसत्त्व सिद्धार्थ राजकुमारलाई बुद्धत्त्व प्राप्त गर्नको लागि सहयोग गर्ने अमूल्य भूमिका निभाउन सफल यशोधरा देबीको बौद्ध जगतमा विशिष्ट स्थान रहेको छ । चार असंख्य र एकलाख कल्प पहिला दीपंकर बुद्ध यात्रा गरिहनु भएको अवस्थामा एक हीलोयुक्त बाटोमा उहाँलाई कष्ट नहोस् भन्ने मनसायले सुमेध ऋषि (भपिष्यको सिद्धार्थ गौतम) उक्त हीलोमा घोप्टो परी लेट्नु हुँदै दीपंकर बुद्ध उहाँको शरीर माथि कुल्चिएर गइदिनहुन प्रार्थना गरी पूल बनिदिनु भएको थियो ।

दीपंकर बुद्धलाई यसरी सेवा गरिसक्नुभएपछि ऋषि सुमेधले आफूपनि बुद्ध बन्ने मनसाय व्यक्त गरेका थिए । त्यसबेला दीपंकर बुद्धले सुमेध ऋषिको कर्म र चित्त शक्तिलाई ध्यान दृष्टिले जाँची हेर्नुहुँदा सुमेध ऋषिले चार असंख्य र एक लाख कल्प पछि गौतम बुद्ध बन्न सक्ने पारमिताको अभ्यास गर्दैरहेको देख्नु भएको कारणले उहाँले सुमेध ऋषिलाई चार असंख्य र एक लाख कल्प पश्चात् गौतम बुद्ध हुने भविष्यवाणी गर्नु भएको थियो ।

सुमेध ऋषिको यस्तो प्रशंसनिय-कार्य देखेर प्रभावित भएकी ब्राह्मण कन्या सुमित्रा (भविष्यको यशोधरा देवी) ले आफ्नो हातको आठवटा कमलको फूलहरू मध्ये पाँचवटा सुमेध ऋषिलाई चढाइन् र यसरी प्रार्थना गरिन्–

“यस कर्मद्वारा तपाइँले गरिरहेको जन्मजन्मान्तरको बोधिज्ञान प्राप्त गर्ने अभ्यास कार्यमा म पनि तपाइँसंगै समागम हुन पाउँ ।”[१]

यसरी अनन्त संसारको श्रोतमा यशोधरा देवी र सिद्धार्थ गौतमको पहिलो भेट दीपङ्कर बुद्धको पालामा भएदेखि सिद्धार्थ गौतमले बुद्धत्त्व प्राप्त नगरून्जेल सम्म यशोधरा देवीले वहाँलाई साथ दिंदै कहिले बहिनी, कहिले पत्नी हुँदै उहाँको उपकारिणी हुनुभयो ।

बोधिसत्त्व सिद्धार्थ गौतको अन्तिम जन्म बोधिसत्त्व सिद्धार्थ राजकुमार भई राजदरबारमा बस्नुभएको समयमा मात्र होइन, यशोधरा देवीले राहुल कुमारलाई जन्म दिई सुत्केरी हुनुभएको अवस्थामा राजकुमार सिद्धार्थले उनी र पुत्र राहुललाई त्यागेर प्रव्रजित हुनुभएको अवस्थामा पनि यशोधरा देबी दुःखी नबनी यसरी प्रार्थना गर्थिन्–

“मेरो पतिदेव (बोधिसत्त्व सिद्धार्थ गौतम) लाई बुद्धत्त्व लाभ गर्ने कार्यमा कुनै बाधा अड्चन, नआवस्, जगत उद्वार गर्ने जस्तो महान कार्य निर्बिघ्नतापूर्वक चाँडै सफल होस् ।”

यसरी प्रार्थना गर्नुभएको साथसाथै प्रव्रजित हुनु भएका सिद्धार्थ गौतमले त्यागी भेषमा रही त्यागी जीवनको रहन सहनलाई अभ्यास गर्नु भएदेखि यशोधरा देबीले पनि राजदरवारमा रहेर पनि त्यागी जीवन यापन गर्न सफल हुनुभयो । अर्को शब्दमा भन्ने हो भने उनीले आफ्नो पतिले जे जस्तो आचरण गरे उनीले पनि त्यही आचरण गर्दै आफ्नो जीवन यापन गरिन् ।

त्यसपछि सिद्धार्थ गौतमले बुद्धत्त्व प्राप्त गर्नु भएपछि यशोधरा देबीले पनि जगतहितको महान कार्यमा सहयोग पुऱ्याउनु हुँदै गृहत्याग गरी भिक्षुणी भई अरहन्त अवस्था प्राप्त गर्न सफल हुनुभयो ।

भिक्षुणीहरू मध्ये अग्र महाभिज्ञा लाभिनी पद स्वयं भगवान् बुद्धको मुखारबिन्दुबाट प्राप्त गर्न सफल निर्वाणलाभी स्थविरा यशोधरा हुन् ।

**यशोधरा स्थविराको परिचय –**

महांवशो[२], अंगुत्तरनिकायट्ठकथा[३], धम्मपदट्ठकथा[४], बुद्धकालीन गृहस्थीहरू[५], तथापालि संज्ञा - शब्दकोषहरूमा उल्लेख भए अनुसार यशोधरा स्थविराको जन्म शाक्य जनपदको देवदह निगममा, सुप्रबुद्ध शाक्यकी पत्नी अमिताको कोखबाट जन्मिनु भएको हो । वहाँको सहोदर

१. भिक्षु अमृतानन्द, बुद्धकालीन श्राविका चरित (भाग-१), ललितपुर : वीर-पूर्ण पुस्तक सङ्ग्रहालय, आवृति वि.सं. २०७६, पृ.६६०

२. महावंशो पृ.९: महासम्मतवंसो, दुतियपरिच्छेदो ।

३. अंगुत्तरनिकाय् अट्ठकथा क्ष. पृ २०४ : एककनिपातवण्णना, भद्याकच्चाना ।

४. धम्मपद अट्ठकथा पृ. ३६० : सुप्पबुद्धसक्कस्यवन्थु, पापवर्ग ।

५. बुद्धकालीन गृहस्थी पृ. २१६

भाइ देवदत्त हो भन्ने कुरा पनि उक्त ग्रन्थहरूमै उल्लेख भएको पाइन्छन् ।

आफ्नो अन्तिम जन्मका कुरा स्वयं यशोधरा स्वविराले थेरीअपदानपालिमा "पच्छिमे भवे सम्पत्ते, अजायिं सकिये कुले" भनी गाथा नं. ६६-६७ मा भन्नु भएको थियो ।

यशोधरा देवी जन्मेकै दिनमा सिद्धार्थ बोधिसत्त्व लगायत आनन्द स्थविर, छन्न साथी, कण्ठक घोडा, निधिकुम्भहरू, महाबोधि वृक्ष र कालुदायी स्थविर पनि जन्मेका थिए[६] भन्ने कुराहरू पनि समुल्लेख भएका छन् ।

थेरी अपदानपालिमा वहाँले आफूलाई "अर्थात् "म यशोधरा हुँ" भनी भन्नु भएको छ ।

अङ्गुत्तरनिकायको मूल सूत्र अनुसार यशोधरादेवीको मुख्य नाम "भद्दकच्चाना" वा "भद्दकञ्चना" हो भन्ने कुरा स्पष्ट बुझिन्छ । साथै बुद्धवंस पालिमा पनि भद्दकञ्चना (=भद्रकाञ्चना) भन्ने नै उल्लेख भएको छ ।

राहुलकुमार पाइसक्नु भएपछि वहाँलाई "राहुलमाता" कै नामले सरलरूपमा व्यवहार गरेका कुरा सुमङ्गलविलासिनीको **"बिम्बादेवी पनं राहुलकुमारे जाते राहुलमाताति पञ्ञायित्थ"** भन्ने वाक्यद्वारा प्रष्टै बुझिन्छ ।

महावग्गपालिको राहुलवत्थुमा (पृ.८६) "अथ खो राहुलमाता देवी राहुलं कुमारं एतदवोच...." भन्ने वाक्यद्वारा यशोधरा देवीलाई नै "राहुलमाता" भनी मूल सूत्रमा उल्लेख भएको छ ।

अभिधानप्पादीपिक[७]ले यशोधराका नामहरू यसरी उल्लेख गरेको छ - (१) भद्दकच्चाना (२) राहुलमाता (३) बिम्बा (४) यशोधरा ।

यशोधरा देवीलाई बिम्बादेवी तथा बिम्बा सुन्दरी भनी जातक अर्थकथामा उल्लेख भएको पाइन्छ । बुद्धवंश अर्थकथामा वहाँलाई सुभद्राका भनी उल्लेख पनि पाइन्छ ।

**यशोधरा देवीको वर्णन** –

यशोधरा देवीको बाल्य-जीवन सम्बन्धी कुनै खास कुराहरू त्रिपिटक अर्थकथाहरूमा उपलब्ध नभएतापनि यशोधरा स्थविराले थेरी अपदान अट्ठकथा गाथा ६६-६९ मा स्वयंले आफ्नो अन्तिम जन्मको बारे बताउनु भएको उल्लेख छन्[८]

६६-६७ सुमेधको त्यो सुकृत्य कर्मप्रति चित्त प्रसन्न गरी, असंख्य कालसम्म देव-मनुष्य जुनीहरूमा अनेक दुःख–सुखको भोग गर्दै अन्तिम जन्ममा पुग्दा म शाक्यकुलमा जन्मिएँ ।

६८- 'रूपवती, भोगवती, यशवती; शीलवती तथा सर्वाङ्ग सम्पन्ना भई सबैको सत्कार प्राप्त गरी म कुलमा बसेँ ।

६९- 'लाभसत्कार तथा यशकीर्ति आदि लोक धर्महरूले युक्त भई सम्मानपूर्वक घरमा बसेँ, कुनै भयविना तथा चित्तमा कुनै दुःख बिना म घरमा बसेँ ।

थेरी अपदानपालिमा दर्शाइएका अनुसार यशोधरा देवीको भरणपोषण यथोचित ढङ्गले भई वहाँ भद्रकाञ्चना जस्ती अर्थात् असल सुनको वर्ण जस्तो सुन्दरी भई क्रमैसँग सोह्रवर्षमा प्रवेश गर्नुभएको थियो । जति रूपसम्पत्ति वहाँमा थियो उत्तिनै वहाँ गुणभूषिता तथा विद्याभूषिता पनि हुनुहुन्थ्यो । यशोधराको सुन्दरताको बारेमा 'जनपदकल्याणी' जस्ती सुन्दरी हुनु भएकी नन्दा स्थविराले भन्नु भएका "...मलाई यशोधरा बाहेक अरू सबै युवतीहरूमध्ये "कल्याणी" भनी भन्दथे[९] भन्ने वाक्यले यशोधरादेवी कति सुन्दरी हुनुहुन्छ भन्ने स्पष्ट पार्दछ ।

यशोधरा देवी र सिद्धार्थ कुमारको विवाह मङ्गल–

सिद्धार्थ कुमारको विवाह सम्बन्धमा बौद्ध संस्कृत साहित्यहरूमा उल्लेख भएका छन् –

राजा शुद्धोदनलाई राजपुरूषहरू र केही स्त्रीहरूले दिएका सुझाव अनुसार चाँडै विवाह गरिदिई स्त्रीहरूको बीच भुलाई राख्नुपर्छ अनिमात्र शाक्यवंशको अन्त हुने छैन् नत्र उनी गृहत्याग गरी जानेछन् भन्ने थियो । राजा शुद्धोदनले पनि "ती राजकुमारी समानकुलका तथा कवयीत्री र लेखिका हुनुपर्छ । यौवन सम्पन्ना भई सुन्दरी भएर पनि यौवन तथा सुन्दरता माथि अभिमान नगर्ने हुनुपर्छ । आमाबुबाहरू जिउँदै रहेकी तथा दानी र दानकार्यमा अघि सर्ने स्वभावकी हुनुपर्छ ।

६. पूर्ववत्, पादटिप्पणी नं. १ पृ. ५८७
७. अभिधानप्पादीपिका पृ. ४९, गा नं. ३३६
८. पूर्ववत् पादटिप्पणी नं. १, ७१५
९. पूर्ववत्, पादटिप्पणी नं. १, पृ. ५९२

यस्ता अनेक आदर्श नारीका गुणले सम्पन्न भई शीलआदि पालना गरेकी आमा जस्ती नारी हुनुपर्ने बताउनु भए अनुसारकी त्यस्तै सम्पूर्ण आदर्श नारी गुण सम्पन्न सुप्रबुद्ध शाक्यको छोरी यशोधरा भेटाउनु भएको थियो । अनि राजा शुद्धोदनले "सिद्धार्थ कुमारले कस्ती कुमारीलाई रूचाउँछन् भन्ने राय बुझ्न कुमारी मात्रै मेला गरी एक उत्सब गरे । जसमा राजकुमारले पनि यशोधरालाई मन पराउनु भएको थियो । यशोधराको पिता सुप्रबुद्धले "हाम्रा परम्पराअनुसार कलाकौशलता नहुनेलाई छोरी दिन सक्दैनौ" भनेकाले सिद्धार्थ कुमारले धनुर्विद्यामा विभिन्न कला प्रदर्शन गरी शुभ विवाह सिद्धार्थ कुमारसँग भएको थियो । साथै चमत्कारपूर्ण धनुर्विद्या देखेर त्यहाँ उपस्थित भएका अनेकौ हजार शाक्यराजाहरूले आ-आफ्ना छोरीहरूलाई अलंकृतपारी उपहार स्वरूप सिद्धार्थ कुमारलाई चढाई दिए । यी कन्याहरूका संख्या ४० हजार पुगेको भन्ने कुरा अर्थकथाहरूमा उल्लेख गरेका छन् । सुप्रबुद्ध शाक्यकी छोरी भद्रकाञ्चना (यशोधरा देवी) ४० हजार नारीहरूमध्येमा सिद्धार्थ कुमारकी अग्रमहिषीत्वमा[१०] प्रतिष्ठित हुनुभयो । बुद्धवंसपालिमा यसै कुरालाई उल्लेख गर्नुहुँदै गौतम बुद्धले स्वयं यस्तो भन्नु भएको छ –

**"चत्तारीसहस्सानी, नारियो समलङ्कता ।**
**भद्दकञ्चना नाम नारी राहुलो नाम अत्रजो ॥"**

अर्थात्, चालीसहजार नारीहरूले सलङ्कृत भएकी भद्रकञ्चना भन्ने नारी र राहुल भन्ने मेरा पुत्र थिए ।

**दाम्पत्य जीवन** –

सिद्धार्थ कुमार गृहत्याग गरी जानु अगाडि सम्म यशोधरा देवी दाम्पत्य जीवन अति सुखमय भएको .उल्लेख पाइन्छ । त्यसरी सिद्धार्थ राजकुमारकी अग्रमहिषी भई यशोधरादेवी ॠतुअनुसार रम्य सुरम्य तथा शुभ भन्ने तीन प्रासादहरूमा बसी अत्यन्त आनन्दपूर्वक सिद्धार्थ कुमारसँग जीवन बिताउनु थाल्नु भयो । आफ्ना पहिलेका गृहीजीवनका कुराहरू संस्मरण गर्नुहुँदै तथा सिद्धार्थ कुमारसँग जीवन बिताएकी कुरा भिक्षुणी भइसक्नु भएपछि उहाँले भगवान् बुद्धको अगाडि प्रकाश गरी स्वयं, भन्नुभएको कुरा थेरी अपदानपालिमा उल्लेख भएको छ–

"हे वीर, म यशोधरा हुँ, शाक्यकुलमा जन्मेकी तथा स्त्री अंगहरूले सुसम्पन्न भई प्रतिष्ठित भएकी म तपाइँकी प्रजापति थिएँ । तपाइँका घरमा भएका एक लाख छयान्नब्बे (१,००,०९६) नवयुवती स्त्रीहरूको प्रमुख भई मैले सबै ऐश्वर्य पनि पाएँ । परम यौवन सम्पन्न मात्र नभई आचरण गुणहरूले पनि म सुसम्पन्न थिएँ । त्यसैले मलाई देवसहित मनुष्यहरूले पनि सम्मान दिए ।....यति होइन रूपवती भए जस्तै भोगवती यशवती तथा शीलवती पनि थिएँ । लाभसत्कारहरू र यश कीर्तिको कुनै पनि कमी थिएन । त्यसैले म कुनै पनि चिन्ता नलिई तपाईसँग घरमा बसे ।"[११]

**पुत्रलाभ** –

उपरोक्ताकारले सुखमय दाम्पत्य जीवन बिताउनुहुँदै यशोधरादेवीले १२ वर्षसम्म कुनै सन्तान पाउन सक्नुभएन । २८ वर्षको आखिरीतिर मात्र वहाँको गर्भाधान भएको कुरा बुझिन्छ ।[१२]

यसरी यशोधरा देवीको गर्भाधान भइरहेको एक समयभित्र एकदिन सिद्धार्थ गौतम उद्यान घुम्न जाँदा एक बुढो पुरूषलाई देखी वहाँको मनमा विरक्तभाव उत्पन्न भयो । बुद्धवंसअट्ठकथा अनुसार पुनः चार महिना पछि उद्यान जाँदा एक बीच बाटामा एक व्याधिग्रस्त पुरूषलाई देखि पुनः विरक्त हुनु भएको थियो । फेरि अर्को चार महिना पछि एक दिन, त्यस्तै इच्छा भई सारथीसँग चौघोडे रथमा बसी बाहिर निस्कँदा मृत शरीर मानिसहरू गई राखेको देखेर झन विरक्त र अन्यन्त संवेगचित्त लिई दरवारमै फर्केर जानुभयो ।

"उद्यानमा जान्छु" भनी बाहिर निस्कनु भएका राजकुमार "उद्यानमा नगइकनै बीचबाटैबाट फर्केर आए" भन्ने खवर सुनी शुद्धोदन महाराजा अत्यन्त चिन्तित भई आत्तिँदै प्रासादमा नृत्य गीतादिद्वारा मन बहलाउने विषयहरूलाई उत्तेजित गराउन लगाई "यस्तै दृश्यहरू देखेर कतै सिद्धार्थ कुमार घरछाडी प्रव्रजित हुन नजाऊन्" भन्ने हेतुले क्रमशः तीन गाउत तथा एक योजन सम्मको इलाकामा खुब कडी कडाउकासाथ पालो पहरा राख्न लगाए ।

१०. पूर्ववत् पादटिप्पणी नं. १, पृ. ६०५
११. पूर्ववत् पाद टिप्पणी नं. १, पृ. ६१०
१२. ऐजन् पृ. ६१३

फेरि एक दिन उद्यानमा जाने इच्छाभई र बीच बाटामा वहाँले अत्यन्त शान्तमूर्ति एक प्रव्रजितको रूप देखी अत्यन्त प्रभावित भई "आजै राती गृहत्याग गरेर जाने छु "भन्ने संकल्प गरी हर्षका साथ वहाँ उद्यानतिर जानुभयो ।

त्यहाँ अत्यन्त आनन्दित भई सुखपूर्वक पुष्करिणीको तीरमा बिताउँदै गर्दा उता राजदरवारमा राजा सहित दरवारमा साराका सारा नरनारीहरूलाई आनन्दित पार्नु भई यशोधरादेवीले पुत्ररत्न जन्माउनु भयो । यशोधरादेवीले पुत्ररत्न जन्माएको खबर सुन्ने बित्तिकै शुद्धोदन राजा र प्रजापति गौतमीहरू यति हर्षित भए कि वहाँहरूले यो हर्षको शुभसमाचार तुरन्तै उद्यानमा गईरहनु भएका सिद्धार्थ कुमारलाई सुनाउन पठाए ।

उता राजकुमार पनि राजदरवार फर्कनको निमित्त रथ चढ्न लाग्दा राजदूत आई यशोधरादेवीले पुत्ररत्न जन्माउनु भएको शुभ समाचार बिन्ति चढायो । यो कुरा सुन्नेबित्तिकै राजकुमारको मनमा "केही छिन अघि मात्र मैले आजकै रात गृहत्यागी प्रव्रजित हुने संकल्प गरेका थिएँ । अहिले नै बन्धनकोरूपमा , राहुको रूपमा पुत्र जन्मेको समाचार पनि सुन्न पाएँ । यो त चन्द्रमालाई राहुले ग्रस्त गरे जस्तै भयो " भन्ने लागेपछि यसैको प्रतिकृया स्वरूप त्यस बखत वहाँको श्रीमुखबाट " राहु नै जन्म्यो, बन्धन नै जन्म्यो" भन्ने वाक्य प्रकट भयो भन्ने कुरा अर्थकथाहरूले समुल्लेख गरेका छन् ।

यता राजदरवारमा सिद्धार्थ कुमारलाई समाचार सुनाई फर्केर आएका राजदूतलाई राजा शुद्धोदनले राजकुमारले के भयो भन्ने सोद्धा विशेष कुरा केही भन्नु भएन, केवल "राहु नै जन्म्यो बन्धन नै जन्म्यो"[१३] भन्ने शब्दमात्र प्रकट गर्नु भएको कुरा सुनी राजाले आफ्नो नातिको नाम नै "राहुल रहनेछ" भनी भन्नुभयो ।

यशोधरादेवीले राजकुमारलाई जन्माएको कुराले सारा कपिलवस्तुमा नै अत्यन्त खुशी तुल्याए । यो हर्षको समाचार सुनी सिद्धार्थ कुमारका एक काकाकी छोरी "कृषागौतमी राजकुमारी "झ्यालमा बसी अति खुसी भई रहेको समयमा बाटामा सिद्धार्थ राजकुमारलाई देखी यस्तो गीत गाइन्–

**"निब्बुता नून सा माता, निब्कुता नून सा पिता ।**
**निब्बुता नून सा नारी, यस्सायं ईदिसो पति ।"**

अर्थात्, "अहा ! यी राजकुमार आज कति आनन्दित भएका होलान् । कति शान्ति (=निवृत्त) सुख अनुभव गरिरहेका होलान् । ती नारी जसले पुत्र जन्माइन् उनी पनि कति आनन्दित भएकी होलिन् । ती नारी जसले पुत्र जन्माइन् उनी पनि कति आनन्दित भएकी होलिन् ।"[१४]

यो गीतको "निवृत पद" सुनी राजकुमार अति हर्षित भइ "निवृत अर्थात् परम शान्ति त तब हुनसक्छ जब कि सम्पूर्ण चित्तमलहरू निवृत भई जानेछन । यस्तो निवृत्त - पद अवश्य नै उवलब्ध गर्न सक्नुपर्छ । आजै अभिनिष्क्रमण गरी त्यो निवृत पद खोज्न जानेछु ।" भन्ने अति प्रसन्न भई राजदरबार फर्किनु भयो ।

**पतिवियोग –**

राजदरवारमा यशोधरा देवी सहित साराका सारा अति हर्षित थियो । यहाँ पहिलेको भन्दा त्यस रात धेरै हर्षोल्लास थियो, नृत्य गीतहरू आदि पनि त्यस रात अति विशेष प्रकारका थिए, नर्तकीहरूले पनि विशेष प्रकार उत्साहित भई आफ्ना कलाकौशल प्रदर्शन गर्दै थिए । राजकुमार सिद्धार्थ पनि त्यो हेर्दा हेर्दै भुसुक्क निदाउनु भयो । साथै राजकुमार नै निदाउनु भएपछि त्यहाँ उपस्थित नारीहरूले थकित भई आ-आफ्नो तरिकाले हर्षित भई सुतेका थिए । अनेक विकल स्वरहरू निकाल्दै यसरी सुतीरहेका ती स्त्रीहरूका आवाजले सिद्धार्थ कुमारको निद खुल्यो र बिउझिनुभई एकछिन खाटमै बसी रंगविरंगका यो विभत्स दृश्यावलोकन गरिरहनु भएका वहाँको मनमा "कस्तो डरलाग्दो रण भूमिमा अथवा श्मशानमा बसेको रहेछु" भन्ने जस्तो लाग्यो । त्यसपछि वहाँले मनमा मंगल पुष्करिणी तीरमा घटेको घटना र कृषागौतमीको गीतको सम्झना आई पुष्करिणी तीरमा घटेको घटना र कृषागौतमीको गीतको सम्झना आई गम्भीरतापूर्वक गृहत्याग गर्नेतिर नै चित्त प्रवृति प्रवलभई कोठाबाट निस्की वहाँले "यहाँको छ ?" भनी आवाज दिनुहुँदा छन्नले "देव, म छुँ" भन्ने बाहेक कसैको पनि जवाफ आएनन् त्यो समय । अहो आश्चर्य, अहो अद्‌भूत ॥

अनि छन्नलाई घोडा ठीक पार्ने आज्ञादिई "पुत्रको

१३. पूर्ववत्, पादटिप्पणी नं. १, पृ. ६२०
१४. पूर्ववत्, पादटिप्पणी नं.१, पृ. ६२१

अनुहार एकपटक हेर्न पाए हुन्थ्यो" भन्ने स्नेहपूर्ण इच्छा उत्पन्न भएपछि वहाँले यशोधरादेवीको खोपीतिर कदम बढाउनुभयो । खोपीको दैलो बन्द भएको देखी अत्यन्त सावधानका साथ दैलोको आधा खापा सुस्तरी हेर्दा,वहाँले चक्षुपथ एक शुन्य तथा शान्त वातावरणमा एकैं शैयामा सुतिरहेका आमाछोराकोमा दृष्टि पर्न गयो । खोपीको शान्त र मनोरम दृष्टि, विशेषगरी यशोधराको बाँया हातलाई सिरान बनाई, दायाँ हातलाई कोमल ओढ्ने जस्तो गरी सूक्ष्म र राहुल कुमारको दृष्य नै बढी आकर्षण थियो । त्यो आकर्षण दृष्य देखेर वहाँ दैलो भित्र पस्न सक्नु भएन । मानौ कसैले यशोधरादेवीको नीदलाई खलबल नपार" भनी भन्ने गरी तथा वहाँको खुट्टा दैलो बाहिरै राखी वहाँले अनेक कल्पना गर्नुभयो । अन्तमा वहाँले "यदि यशोधराको हात पन्छाई पुत्रलाई लिउँ भने अवश्य पनि यशोधराको नीद खुल्ने छ र शायद मेरो मार्गमा अवरोध पनि आउनु सक्छ । अतः भइहाल्यो, बरू बुद्धत्व प्राप्त गरिसकेपछि आएर हेर्ने छु" भन्ने निश्चय गरी पुनः सुस्तरी दैलोको खापा बन्द गरी त्यहाँबाटै "अमृत खोजको महान लक्ष्य" लिई सबै ऐश्वर्यलाई तिलाञ्जली दिई, राजदरवार छाडी आषाढ पूर्णिमाको अर्धरातको समयमा राजदरबार त्याग्नु भयो ।[१५]

विहान भएपछि सिद्धार्थ कुमार राजप्रसादमा नभएको खबरद्वारा राजदरवारमा ठूलो खलबली मच्चियो र ठूलो रूवावासी भयो । यस घटनालाई स्मरण गर्दै भगवान् बुद्धले पछि स्वयं बोधिकुमार, सच्चक निगण्ठ, सङ्गाख नामक माणव तथा भिक्षुहरूलाई भन्नु भएको निम्न कुराहरूबाट स्पष्ट हुन्छ–

**"सो खो अहं, राजकुमार, अपरेन समयेन दहरो व समानो सुसुकालकेसो भद्रेन योब्बवनेन समन्नगतो पठमेन वयसा .... । अच्छादेत्वा अगारस्मा अनगारिया पब्बजि ।"**

जब छन्न सारथि सिद्धार्थ कुमारलाई त्यही छोडी वहाँका आभरणहरू र वस्त्रहरू लिई, शोकाकुल भई, कण्ठक अश्वलाई पनि सदाको लागि बिदा दिई, आफू एक्लै राजदरवारमा फर्की शुद्धोदन महाराजाको अगाडि विरहपूर्वक राजकुमारका आभरण तथा वस्त्रहरू राखी सिद्धार्थ कुमारले भन्नुभएका सम्पूर्ण कुरा, भएका खड्गले केस खौर गरी काषायवस्त्र धारण गरी वहाँ अगाडि बढ्नु भयो भन्ने खबर सुनेपछि राजा-रानी आदिहरूले धर धर आँसु खसाल्दै विलाप गर्न थाले ।

त्यस्तै गरी छन्नले सुत्केरी हुनु भएकी यशोधरा देवीकहाँ गई वृत्तान्त कुरा सुनाए । यो समाचार सुनी यशोधरा देवीलाई अति विरह भएतापनि वहाँले आँखाबाट श्रद्धास्नेहका दुई आँसु खसाली ठूलो धैर्य धारण लिई "मेरा पतिदेवलाई कुनै बिघ्न नहोस् र वहाँले चिताउनु भएको जगतोद्वारको महानकार्य निर्विध्नतापूर्वक चाँडै सफल होस्"[१६] भनी कुरालाई भित्री हृदय देखि शुभकामना व्यक्त गर्दै त्यस दिनदेखि राजकीय पहिरण, आभूषणहरू आदि त्यागी दरवारमै एक साधुनी जस्ती भई, उत्तम पतिव्रता नारी-जीवनलाई रक्षा गर्नुहुँदै वहाँ शान्तपूर्वक बस्नुभयो । यसरी यशोधरा देवीमा भएको उत्तम नारी गुण र महासत्व जस्तै उत्तम गुणहरूले वहाँको महानता र असाधारणको परिचय पाइन्छ ।

**बुद्धसँग यशोधरा देवीको प्रथम भेट –**

सिद्धार्थ बोधिसत्व अनोमा नदीबाट क्रमशः राजगृग गई त्यहाँबाट भार्गवको आश्रममा (भग्गवस्सारामे) गई त्यहाँबाट आलार कालाम र उद्दक रामपुत्रकहाँ गई त्यसपछि ६ वर्षसम्म उल्लेख वनमा घोरतपस्या गरी, पञ्चभद्रवर्गीहरूले छोडेर गइसके पछि बुद्धगया जानुभई बुद्धत्व ज्ञान प्राप्त गरी "सम्यक्सम्बुद्ध" बन्नु भयो । त्यसपद्धि मृगदावनमा गई धर्मचक्र प्रवर्तन गरी त्यहाँबाट क्रमशः पुनः राजगृह नगरमा आई बिम्बिसार राजालाई बुद्धधर्ममा दीक्षित गर्नुभयो । त्यसपछि त्यहाँबाट कालुदायी स्थविरका साथ कपिलवस्तुका निमित्त प्रस्थान गर्नुभयो । अनि ६० योजनाको बाटो हिंडी बुद्ध भगवान् बैशाखपूर्णिमाके दिन कपिलवस्तुमा पुग्नुभयो ।[१७] कपिलवस्तुमा पुग्नुभएपछि हजारौं हजार शाक्य परिवार हरूले वहाँको दर्शन गरे , भगवान् बुद्ध न्यग्रोधाराममा अर्थात् बरका बगैंचामा बस्नुभयो ।

भोलिपल्ट भगवान् बुद्ध भिक्षुहरूद्वारा परिवृत्त भई कपिलवस्तु शहरभित्र सपदानचारिकाले भिक्षाटन

१५. पूर्ववत्, पादटिप्पणी नं. १, पृ. ६२५

१६. पूर्ववत्, पाद टिप्पणी नं. १, पृ. ६३

१७. पूर्ववत्, पाद टिप्पणी नं. १, पृ.६३५

जानुभयो । राजा शुद्धोदनलाई बुद्धको नियम थाहा थिएन । आफ्नै पुत्र सम्भी आफ्नै दरबारमा भोजानार्थ आउनु नै हुनेछ भन्ने विश्वास लिई वहाँले अघिल्लो दिनमा न निम्त्याई जानु भएको थियो । तर यशोधरा देवीले भगवान् बुद्ध राजदरबारमा आउनु नभई कपिलवस्तु शहरभित्र घर घर पिच्छे भिक्षाटन गर्दै आउनु भएको छ भन्ने खबर पाई अति विह्वल भई ससुरो महाराजाकहाँ जानु भई तपाईका छोरा बुद्ध हुनुभई, उही शहरमै उही सडकमै माटाको भिक्षापात्र हातमा लिई घर घर पिच्छे भिक्षाटन गर्दै आउनु भएको छ भनी विन्ति गर्दा पिता महाराजा शुद्धोदन हतार हतारमा बुद्धलाई निम्त्याई दरवारमा ल्याउनु भयो ।

जब शुद्धोदन महाराज बुद्धलाई लिनजानुभयो तब यशोधरादेवी पनि आफ्नो पति अर्थात् बुद्धको दर्शन गर्न मनमा अनेक तर्कना गरी प्रासाद माथि जानुभई भ्याल उघारी हेर्दा "बुद्धको प्रथम दर्शन" भयो । यशोधरादेवीले बुद्धको प्रथम दर्शन पाउँदा अनेक प्रकारका विरागयुक्त शारीरिक तेजद्वारा शहरका सडकहरू जाज्वल्यमान पारी, बुद्धश्रीद्वारा प्रकाशमान भई, ब्याम-प्रभा फैलाई, बत्तीस लक्षणहरू र असीतयानुव्यञ्जनहरूले सुसोभित हुनु भएका शाक्यसिंहलाई देख्नु भई अति हर्षित तथा प्रफुल्लित हुनु भई साथमा रहेको सातवर्षिय पुत्र राहुल कुमारलाई पिताको परिचय दिनुहुँदै वहाँले बुद्धको शीरदेखि लिएर पैतालासम्मको लक्षणहरूको वर्णन गरी निम्न"नौ नरसिंहगाथा" (स्तोत्र)हरू सुनाउनु भयो[१८]–

"स्निग्ध नीलमृदु कुञ्चित केसः,
सूर्य सुनिर्मललाभी ललाटः ।
युक्त तुङ्ग मृदु आयत नासो,
रश्मिज्वान बृतता नरसिंहः ॥१॥
अमर नदीवर चण्ड गजेन्द्रः
मरपराजय भीमः सुवीरः ।
सर्वगुणाकर लोकविशुद्धः
बन्दामि गौतम श्रीमुनि पादौं ॥९॥

यस बुद्धका शीर देखी पैतालासम्म फैलिएको लक्षणहरूको अति उच्च स्तरमा वर्णन "नरसिंहगाथा" मा यशोधरादेवीले छोरालाई एक एक लक्षणको वर्णन गर्दै वहाँ नरसिंह तिम्रो बुबा हो भनी परिचय गरिएको बृतान्त छ ।

यसको भोलीपल्ट बुद्धलाई राजदरवारमा भित्र्याई सकेपछि अत्यन्त सम्मानपूर्वक राजकीय भोजन प्रदान गरे । भोजन पछि बुद्ध भगवान्ले पनि ज्ञाति संग्रह गर्नुहुँदै उचित ढङ्गले राजाहरूलाई भुक्तानुमोदना उपदेशहरू सुनाउनु भई राजालाई सकृदागामी र महाप्रजापति गौतमीलाई स्रोतापत्ति फलमा प्रतिष्ठित गराउनु भयो । भगवान् बुद्ध मातृपितृ ऋणबाट सुविमुक्त हुनभयो ।

भोजनकृत्य सिद्धिएपद्धि राजदरवारका सबै स्त्रीहरू गई बुद्धलाई वन्दना गरे । किन्तु राहुलमाता यशोधरा देवीमात्र बुद्धकहाँ जानु भएन । "यदि मेरो कुनै गुण छ भने अथवा मेरो कुनै दोष छैन भने आर्यपुत्र नै यहाँ पाल्नु हुनेछ । त्यसबेला मैले वहाँलाई वन्दना गर्नेछु ।[१९] भनी आफ्नै खोपीमा बसी राख्नु भयो ।

अनि, भुक्तानुमोदनादि सबै कार्य सिद्धिएपछि आसनबाट उठ्नुभई, शुद्धोदन महाराजालाई पात्र समात्न लगाउनु भई, दुई अग्रश्रावकहरूका साथ शाक्यमुनि बुद्ध भगवान् राहुलमाता यशोधरादेवीको खोपीतिर जानलाग्नु भयो । खोपीभित्र पुग्नुभन्दा अगाडि दुवै अग्रश्रावकहरूलाई भगवान्ले यस्तो भन्नुभयो–

"राजपुत्रीले आफ्नो इच्छाअनुसार ढोग्न लाग्दा उनलाई केहीनभन्नू ।"

यति पूर्वसुचना दिई भगवान् बुद्ध दुई अग्रश्रावकहरू र शुद्धोदन महाराजाका साथ राहुलमाताको खोपीभित्र पस्नुभई विच्छयाई राखेको आसनमा बस्नुभयो । राजदरबारमा बस्नुभए पनि आफ्नो पतिले लगाउने जस्तोकाषायवस्त्र लगाउँदै आउनु भएकी यशोधरादेवीले ६ वर्ष देखि देख्न नपाएको आफ्नो पतिको दर्शन पाउनासाथ दौडेर गई बुद्धका दुवै खुट्टाहरू जति सक्यो उति बलियो गरी अंगाली, पाउमाथि शिर राखी इच्छा हुन्जेलसम्म वहाँले ढोगी रहनुभयो । आफूले ६ वर्षसम्म रोकी राखेको आँसुलाई निस्कन दिई आफ्ना मोतीका दानाहरू जस्ता आँसुद्वारा बुद्धका कमलरूपी सुकोमल पाउहरू पखाल्नु भई सोही आँसुको प्रसादद्वारा आफ्नो शिर सिञ्चन गरी अभिषेक पाएको भैं सम्भी वहाँले आफ्नो जलेको हृदयलाई शीतल पार्नुभयो । यसरी इच्छा तृप्त गरी शान्त वातावरणमा, कुनै विघ्नबाधा विनाको बुद्धको श्रीचरण

१८. पूर्ववत्, पादटिप्पणी नं. १, पृ. ६३८

१९. पूर्ववत् पादटिप्पणी नं.पृ. ६४३

कमलमा ढोग्न पाउनु यशोधरादेवीको निमित्त ठूलो सौभाग्यको कुरा हुन गएको थियो । "यो थियो नारीप्रति बुद्धको सहानुभूतिपूर्ण सम्मान ॥"

जब यशोधरादेवी पर सरी शुद्धोदन महाराजाकी सुविनीता बुहारी तथा बुद्धका परम भक्तिनी सेविका जस्ती भई आफ्नो स्थानमा बस्नुभए पछि शुद्धोदन महाराजाले बुहारी राहुलमाताको बयान सुनाउनु हुँदै बुद्धलाई यी कुराहरू भन्नुभयो[२०]–

"भन्ते, यो मेरी बुहारी, तपाईंले कषायवस्त्र धारण गर्नुभयो भन्ने खबर सुनेपछि यिनले पनि काषायवस्त्र धारण गरिन् । तपाईंले फूलमालाहरू लगाउन छाड्नु भयो भन्नेपछि यिनले पनि सबै गहनाहरू त्यागी दिइन् । तपाईंले एक छाक बाहेक खानहुन्न भन्ने सुनेपछि यिनले पनि एकैछाक खान थालिन् । ....

तपाईं बाहेक अरू कुनै प्रति पनि यिनको चित्त लागेको छैन । भगवान ! यस्ती शीलवती, सुविनीता तथा गुण भूषिता यी मेरी बुहारी छोरी हुन् ।"

यस प्रकार बुद्धको अगाडि राजाले यशोधरादेवीको गुण वर्णन गर्दा बुद्धले– "महाराज ! तपाईंको सुदृष्टिमा रही, आरक्षा सम्पन्न भइए, म बाहेक अरूमाथि चित्त नजानु तथा कसैले लैजान नसक्ने गरी बस्नसक्नु कुनै आश्चर्यको कुरा होइन । अघिल्लो एक जन्ममा अपरिपक्व ज्ञान भएको बेलामा तथा कुनै आरक्ष नभएका तिरश्चिन भएर जन्मेको बेलामा त म बाहेक अरू कसैसंग उनको चित्त गएन भने अहिले ज्ञान परिपक्व भएको बेलामा तथा तपाईं जस्ताका सुदृष्टिमा रहेको बेलामा कसैसँग चित्त न जानु कुनै ठूलो कुरा होइन् भनी भन्नुहुँदै "चन्दकिन्नरीजातक" का कुराहरू सुनाई यशोधरादेवीको.प्रशंसा गर्नुभई आसनबाट उठी भगवान् न्यग्रोधाराममा फर्केर जानुभयो ।

**राहुललाई पितासँग दायाद माग्न पठाए –**

कपिलवस्तु पुगेके सातौं दिनमा पनि बुद्ध भगवान् राजदरवारमै भोजनार्थ जानुभयो । त्यसबेला राहुलमाता यशोधरादेवीले पुत्र राहुल कुमारलाई अलंकृत पारी निम्न कुराहरू सिकाई बुद्धकहाँ पठाउनु भयो ।

तिमी गएर पितासँग दायाद यसरी माग– "पिताज्यू ! म छत्र ओढी चक्रवर्ती राजा हुन चाहन्छु मलाई धन चाहिएको छ, मलाई धन दिनुहोस् । छोरा नै बुबाको सम्पत्तिको उत्तराधिकारी हुन्छ ।"[२१]

आमाको कुरा सुनी सात वर्षिय बालक राहुल कुमार बुद्ध भएको ठाउँ गई बुद्ध नजिक एक छेउमा बसे । बुबाको नजिक बस्दा बालक राहुललाई पितृस्नेह पाएको अनुभव भई कुमारले "श्रमण ! तपाईंको छाँया मलाई अति सुख लाग्छ" भन्दै आफूलाई सुहाउँदो ढङ्गले कुरा गरिरहे । बुद्धको अगाडि बसी मुख ताक्दै "पिताज्यू ! मलाई धन दिनुहोस् । मलाई धन चाहिएको छ । छत्र ओडी म चक्रवर्ती राजा हुन चाहन्छु । आमाले तपाईंसँग धेरै धेरै धन छ भनी भन्नुहुन्छ । पिताज्यू !" भन्दै अति पियङ्करढङ्गले एक्लै फत - फताइरहे ।

भोजनकृत्य समाप्त भएपछि अनुमोदन गरी शाक्यमुनि भगवान, बुद्ध आसनबाट उठी सुरूसुरू राजदरवाबाट बाहिर निस्कनु भयो । त्यस बरवत राहुल कुमार पनि" दायाद दिनुहोस् ! दायाद दिनुहोस् ‼" भन्दै बुद्धसँगसँगै लागेर गए । बुद्धले राहुल कुमारलाई फर्काउनु भएन । बुद्धप्रतिको गौरवको कारणले. गर्दा कसैले पनि राहुल कुमारलाई फर्काउने साहस गर्न सकेन ।

"यी राजकुमारले पिताको सम्पत्ति माग्दैछन् । जुन सम्पत्ति यिनी माग्दैछन्, त्यो सांसारिक तथा बिघ्नपूर्ण छ । अतः यिनलाई किन मैले "बोधिमण्डपमा पाएका सप्त-आर्य धनहरू नदेऊँ !"[२२] भन्ने विचार गर्नुभई न्यग्रोधाराममा पुगेपछि सारिपुत्र स्थविरलाई बोलाई कुमारलाई प्रव्रजित गराउन लगाउनु भयो ।

**यशोधरादेवीको गृहत्याग –**

भगवान् बुद्ध कपिलवस्तुमा छउञ्जेलसम्म वहाँले सधैं राजदरवारमै भोजन गर्नुभयो । राहुल कुमारलाई प्रव्रजित गर्नु अगाडि नन्द कुमारलाई प्रव्रजित गर्नुभएको थियो र त्यसपछि शुद्धोदन महाराजको परिनिर्वाण भएको तथा महाप्रजापति गौतमी प्रव्रजित हुनुभएका थिए । जुन कुरा बुद्धकालीन राजपरिवारमा पनि उल्लेख भएका छन् ।

महाप्रजापति गौतमी वैशाली जानु भई प्रव्रजित

२०. पूर्ववत्, पादाटिप्पणी नं.नं., पृ. ६४६

२१. पूर्ववत्, पादटिप्पणी नं. १, पृ. ६४९

२२. ऐजनन् पृ. ६५०

भइसक्नु भएपछि एकदिन, बुद्ध भगवान् श्रावस्तीमा बसिरहनु भएको बेलामा राहुलमाता यशोधरादेवीले यस्तो सोच्नुभयो–

"मेरा स्वामी प्रव्रजित भई सर्वज्ञ बुद्ध हुनुभयो, मेरा पुत्र पनि प्रव्रजित भई बुद्धसँगै बसेका छन्, म मात्रै घरगृहस्थीमा बसेर के गरूँ ! बरू प्रव्रजित भएर श्रावस्तीमा गई नित्यप्रति सम्यक्सम्बुद्धको पनि पुत्र राहुलको पनि मुख हेरी बस्ने छु।"[२३]

यति सोच्नु भई राजदरबार त्यागी वैशालीको भिक्षुणी निवासस्थानमा गई वहाँ भिक्षुणी हुनुभयो । पछि आचार्य र उपाध्यायहरूसँगै गई शास्ता र पुत्र राहुलकुमारको मुख हेर्दै एक भिक्षुणी निवासस्थानमा बस्नु भयो ।

प्रव्रजित भए देखि नै "भद्दकच्चना स्थविरा" भन्ने नामद्वारा वहाँ प्रसिद्ध हुनुभयो ।[२४]

यस प्रवजित कुरा अङ्गुत्तरनिकाय अट्ठकथा साथै अब्भन्तरजातकको वर्तमान कथा अनुसार वहाँ वैशालीमा गई प्रव्रजित हुनु भएका कुरा स्पष्ट बुझिन्छ ।

जोसँग भिक्षुणी भए पनि वहाँ वैशालीमा प्रव्रजित भई त्यहाँबाट श्रावस्तीमा जानु भएको कुरामा भने कुनै भिन्नता छैन । अतः श्रावस्तीमा एक भिक्षुणी निवास्थानमा बसिरहनु भएको बेलामा उहाँले "विदर्शनाध्यान गरी अरहत्व प्राप्त" गर्नुभयो । अरहत्वका साथ साथै वहाँले "महाभिज्ञा ध्यानमा" पनि पूर्णवशीत्व प्राप्त गर्नुभयो । एकै आसनमा बसी एकै आवर्जनद्वारा वहाँले एकलाख कल्प अधिक असंख्य कल्पहरूका कुराहरूलाई पनि अनुस्मरण गर्नसक्नु हुन्थ्यो ।

असंख्य कल्पहरूका कुराहरू अनुस्मरण गर्नसक्ने गुणलाई नै ध्यानमा राख्नु भई भगवान् बुद्धले वहाँलाई श्रावस्तीमा "एतदग्ग, भिक्खवे, मम साविकानं भिक्खुनीनं महाभिञ्ञत्तानं यदिदं भद्दकच्चाना ।"

अर्थात्, भिक्षु हो ! महाभिज्ञालाभिनी मेरा भिक्षुणी श्राविकाहरूमध्येमा भद्दकच्चाना (= भद्रकात्यायना) अग्र छिन् ।"[२५] भन्ने औपचारिक घोषणा गर्नु भएको भएको हो ।

राहुलद्वारा मातृ-उपस्थान –

जातकट्ठकथा अनुसार श्रावस्तीमा बसिरहनु भएकी राहुलमाता स्थविरालाई समय समयमा राहुल श्रामणेर हेर्न जानुहुन्थ्यो ।

एक दिन, राहुल श्रामणेर आमाकहाँ जानुहुँदा राहुलमाता स्थविरा वायु प्रकोपको कारणले गर्दा बाहिर निस्कन नसकेको कुरा एक भिक्षुणीद्वारा खबर पाई पछि श्रामणेर नै भित्र गई हेर्न जानुभयो । राहुल श्रामणेर भित्र गई "आमा ! तपाईंलाई के को आवश्यकता छ ?" भनी सोध्दा स्थविराले– "पुत्र ! घरमा बस्दा सखर राखेको आँपको सरपान गर्दा मेरो पेटको वायु साम्य भई पेट दुख्ने सञ्चो हुन्थ्यो । अब भिक्षाटन गरी जीवन बिताउनेहरूलाई कहाँबाट त्यस्तो पाउनु र !" भनी भन्नुभएपछि "आमा ! पाउनसकेमा ल्याउने छु ।" भनी दुःखी भई श्रामणेर बाहिर निस्कनु भयो ।[२६]

त्यसपछि राहुल श्रामणेर आफ्नो उपाध्याय सारिपुत्र महास्थविरकहाँ गई अँध्यारो मुख पारी वन्दना गरी एक छेउमा उभिइ रहनुभयो । "श्रामणेर ! तिम्रो मुख अँध्यारो छ नि किन ? भन्ने सारिपुत्र महास्थविरको आज्ञामा, आमालाई वायु प्रकोपको कारणले पेट दुखिरहेको र सखर मिलाएको आँपको रस-पान गर्दा पेट दुख्ने निको हुन्थ्यो भन्ने कुरा विनम्रतापूर्वक सुनाउनु भयो । महास्थविरले श्रामणेर राहुललाई चिन्ता नगर भनी आश्वासन दिंदै भोलिपल्ट दिलाई दिने कुरा बताउनु भएको थियो ।

भोलिपल्ट भिक्षाटन जाने बेलामा राहुल श्रामणेरलाई लिई श्रावस्ती नगरमा गई उहाँलाई एक आसन-शालामा राखी महास्थविर सारिपुत्र कोसल राजाको दवारमा एक्लै जानुभई त्यो दिन सखर मिलाएको आँपको रस पात्रभरि ल्याई राहुल श्रामणेरलाई दिनु भएका थिए । यसरी सारि पुत्रको प्रभावले प्राप्त गरेको त्यो आँप रसपानले स्थविरा यशोधराको वायु समन भई पेट दुखेको सञ्चो भयो । यता कोसल राजाले पनि स्थविराको कारणले सखर मिलाएको आँपको रसपान नगरी लिएर जानुभयो भन्ने कुरा बुझेर त्यस बेलादेखि यशोधरा स्थविराकहाँ सधैं आँपको रस पठाउन थाले ।

२३. पूर्ववत् पादटिप्पणी नं. १, पृ. ६५१

२४. ऐजनन् पृ. ६५२

२५. पूर्ववत्, पादटिप्पणी नं. १, पृ. ७०१

२६. ऐजनन् पृ. ६५६

"सारिपुत्र महास्थविरले यशोधरा स्थविराको ठूलो उपकार गर्नुभयो । भन्ने कुरा व्यापकरूपमा चर्चा भएपछि भगवान् बुद्धले सारिपुत्रको वर्णन गर्नुभई भिक्षुहरूलाई सारिपुत्रले अहिले मात्र यस्तो उपकार कार्य गर्नु भएको होइन, एक पहिलाको जन्ममा पनि यस्तै घटना घट्न गएको थियो । सारिपुत्र महास्थविरले नै राहुल श्रामणेरलाई नौ प्रकारको खारेका ध्यूहरू मिसाइएको रोहित माछाको रस र मारसी चामलको भात (=सालि भतं) ल्याइ राहुल श्रामणेरलाई दिनु भएको थियो भनी "अब्भन्तरजातकको अतीत कुराहरू परिषद्लाई सुनाउनु भयो ।

**यशोधरा स्थविरा र भगवान्बुद्धको अतीत सम्बन्धका कुराहरू –**

यशोधरा देवी र सिद्धार्थ बोधिसत्वका बीच अहिले मात्र दाम्पत्य जीवनको सम्बन्ध रहेको होइन अपितु असंख्य कल्प अघिदेखि नै रही आएका कुराहरू जातक साहित्यको अध्ययनबाट अवबोध हुन्छ ।

एक समय, ७८ बर्षिया राहुलमाता स्थविरा राजगृहको एक भिक्षुणी - निवासस्थानमा बसिरहनु भएको बेलामा वहाँले आफू परिनिर्वाण हुने समय आएको बुझ्नु भई राजगृह मै बसिरहनु भएका भगवान बुद्धकहाँ गई आफू परिनिर्वाण हुने कुराको सूचना दिनु हुँदै भगवान्सँग क्षमा प्रार्थना गरी वर्तमान तथा अतीतका केही कुराहरू सुनाउँदै बताउनु भएका 'थेरीअपदान'मा उल्लेख पाइन्छन ।[२७]

साथै विभिन्न प्रसङ्गमा स्वयं भगवान् बुद्धले आफ्नो अतीतका जन्मका बारेमा बताउँदा यशोधरा देवीसँग आफ्नो सम्बन्ध बारे आज्ञा भएका कुराहरू जातक कथाहरूमा धेरै पाइन्छ । बुद्धले बुद्धत्व प्राप्त नगरून्जेलसम्म, यशोधरादेवीले वहाँकोसाथ दिई - कहिले बहिनी, कहिले पत्नी भई वहाँको उपकारिणी हुनुभयो ।

**सम्बन्धको सुरूवात –**

एकलाख चार असंख्य कल्पहरू अघि दीपङ्कर बुद्धको पालामा थेरीअपदानपालि अनुसार वहाँ सुमित्रा भन्ने ब्राह्मणी भई जन्मिनु भएको थियो ।[२८]

त्यस बखत अमर वा अमरवती भन्ने नगरमा दीपङ्कर बुद्ध आउनु भएको थियो । त्यसै बेला सुमित्रा ब्राह्मण - कन्या हातमा आठवटा पद्मका फूलहरू, लिई बुद्धको दर्शनार्थ आएकी थिइन् । त्यससमय मार्ग सफा गरिरहेका सुमेध ब्राह्मणलाई देखी उनको हृदय सुमेधप्रति आकर्षित भई आफ्नो हातका आठवटा फूलहरूमध्ये पाँचवटा फूलहरू सुमेधलाई दिनु भई "यस कर्मद्वारा बोधिप्राप्तिको निमित्त तपाईंसँग समागम हुन पाओस्"[२९] भन्ने कामना गरिन् । यहीं देखि नै यशोधरादेवीको सिद्धार्थ बोधिसत्वसँग सम्बन्धको सुरूवात भएको हो ।

दीपङ्कर बुद्धले पनि उनीहरूका बीच भविष्यमा परस्पर सुसम्बन्ध रही परस्पर सहयोगी भई सुमित्रा सुमेधकी सुप्रिया समचारिणी हुनेछन भन्ने भविष्यवाणीका साथै सुमेध ऋषिलाई यहाँ देखि ४ असंख्य १ लाख कल्प पछि शाक्यमुनि बुद्ध हुनेछ भन्ने कुराको समेत व्याकरण गर्नु भएको थियो । यी कुरा "यशोधरा स्थविरापदान" शीर्षकको गाथा नं. ४९-५७ मा उल्लेख भएको छ ।

जातककथाहरू तथा जातकअट्ठकथाहरूमा यशोधरा देवीको सिद्धार्थ बोधिसत्वसँग सम्बन्धबारे उल्लेख भएको छ । बुद्धले बुद्धत्व प्राप्त नगरून्जेलसम्म यशोधरादेवीले वहाँको साथ दिई – कहिले बहिनी, कहिले पत्नी भई उहाँको उपकारिणी हुनभयो ।

**अतीत सम्बन्धका कुराहरू उल्लेखित केही जातक कथाहरू**

१. अनुसोचियजातक – भगवान बुद्धले श्रावस्तीमा बसिरहनु भएको बेलामा भार्या मरेको कारणले शोक गरिरहेका एक कुटुम्बको कारणले भन्नु भएको ।
२. आदित्त जातक – भगवान बुद्ध श्रावस्तीमा बसिरहनु भएको बेलामा प्रसेनजित् कोसल राजालो अशद्दश दान दिएको सम्बन्धमा बताउनु भएको ।
३. उदयजातक – भगवा बुद्धले एक उन्कण्ठित भिक्षुको कारणमा बताउनु भएको ।
४. कुम्माकारजातक – भगवान् बुद्धले क्लेश - निग्रहको सम्बन्धमा बताउनु भएको ।
५. कुम्मासपिण्डजातक – भगवान् बुद्धले मल्लिकादेवीको कारणमा बताउनु भएको ।
६. कुसजातक – भगवान् बुद्धले एक उकण्ठित भिक्षुको कारणमा बताउनु भएको ।

२७. पूर्ववत्, पादटिप्पणी नं. १, पृ. ६६०

२८. ऐजनन्, पृ. ६६०

२९. पूर्ववत्, पादटिप्पणी नं. १, पृ. ६६१

७. कुरूधम्मजातक – एक हंसलाई हानी मारेको एक भिक्षुको कारणमा भगवान् बुद्धले बताउनु भएको ।

८. खण्डहालजातक – भगवान् बुद्धले देवदत्तको कारणलाई लिएर गृद्धकूट पर्वतमा भन्नु भएको ।

९. गङ्गमालजातक - भगवान् बुद्धले उपोसथ - व्रतको कारणलाई लिई जेतवन विहारमा बताउनु भएको ।

१०. चक्कवाकजातक – चखेवा, चखेवी र कौवाको कुराहरू उल्लेख भएको ।

११. चन्दकिन्नरीजातक – राहुलमाताकै कारणलाई लिई कपिलवस्तुको राजदरवारमा भगवान् बुद्धले शुद्धोदन महाराजालाई बताउनु भएको ।

१२. चम्पेय्यजातक – उपोषथ व्रतको कारणमा भगवान् बुद्धले बताउनु भएको ।

१३. चुल्लबोधिजातक – भगवान् बुद्धले एक रिसाहा भिक्षुको कारणलाई लिएर बताउनु भएको ।

१४. चुल्लुतसोमजातक – भगवान् बुद्धले नैष्क्रम्यपारमीको कुरालाई लिई बताउनु भएको ।

१५. जयछिसजातक – भगवान् बुद्धले मातृपोषक एक भिक्षुको कारणमा बताउनु भएको ।

१६. दसरथजातक – भगवान् बुद्धले पिता मरेका एक कुटुम्बको कारणमा बताउनु भएको ।

१७. पाणियजातक – भगवान् बुद्धले क्लेश निग्रहको कारणलाई लिई बताउनु भएको ।

१८. बन्धनागारजातक – भगवान् बुद्धले बन्धनागारको कारणमा बताउनु भएको ।

१९. मणिचोरजातक – भगवान् बुद्धले देवदत्तले आफूलाई मार्ने प्रयास गरेको कारणमा बताउनु भएको ।

२०. मनोजजातक – भगवान् बुद्धले विपक्षदल सेवन गर्ने एक भिक्षुको कारणमा बताउनु भएको ।

२१. महाजनकजातक – भगवान् बुद्धले नैष्क्रम्यको कारणलाई लिई जेतवनाराममा बताउनु भएको ।

२२. महासुदस्यनजातक – एक दिन आनन्द स्थविरले भगवान्लाई कुशीनगर जस्तो सानो नगरमा परिनिर्वाण नहुनुहोस्, भनी विन्ती गरेको कारणमा भगवान् बुद्ध परिनिर्वाण मञ्चमा लेटी रहनु भएको बेलामा बताउनु भएको ।

२३. लक्खण मिगजातक – भगवान् बुद्धले राजगृहको वेणुवनमा बसिरहनु भएको बेलामा देबदत्तको कारणमा बताउनु भएको ।

२४. विधुरजातक – भगवान् बुद्धले जेतवनाराममा बसिरहनु भएको बेलामा प्रज्ञापारमीको कुराहरू लिएर बताउनु भएको ।

२५. विशय्हजातक – अनाथपिण्डिक महाजनको कारणमा भगवान् बुद्धले जेतवनारामा बताउनु भएको ।

२६. बेस्सन्तरजातक – भगवान बुद्धले बुद्ध भईसक्नु भएपछि सवंप्रथम कपिलवस्तुमा जानुहुँदा त्यहाँ शाक्यहरूको ठूलो समागम भएको बेलामा ज्ञाति समागमको कारणमा न्यग्रोधराममा बताउनु भएको ।

२७. सूचिजातक – भगवान् बुद्धले प्रज्ञापारमी र स्थानोचित बुद्धको कारणलाई लिई जेतवनाराममा बताउनु भएको ।

२८. सुपत्तजातक – भगवान बुद्धले सारिपुत्र स्थविरले बिम्बादेवी (=यशोधरा) स्थविरको इच्छानुसार रोहित माछाको रस सहित भोजनलाभ गरिदिनु भएको कारणमा बताउनु भएको ।

**यशोधरा स्थविराद्वारा बुद्धमा क्षमायाचना** –

एक समय सुरम्य तथा समृद्धशाली राजगृह नगरको एक प्रब्भारमा नगरकै भिक्षुणी निवासस्थानमा एक्लै बसिरहनु भएको समयमा लोकनाथको जीवन छँदै 'म पनि निर्वाणमा जानुपऱ्यो' भन्ने कल्पना गर्नुभई आफ्नो आयु - संस्कारलाई हेर्नुहुँदा उही दिनमै आयु-संस्कार सिद्धिएको कुरा बुझ्नु भई पात्र-चीवर ग्रहण गरी आफ्नो आश्रमबाट निस्की एकसय पाँच भिक्षुणीहरूका अगाडि लागी वहाँ महार्द्धिक, महाप्राज्ञ हुनु भएका सम्यक्सम्बुद्धका छेउमा जानुभयो । शास्ताको चक्रांकित पादकमलमा अभिवादन गरी एक छेउमा बस्नु भएकी वहाँले यस्तो भन्नुभयो[३०]–

– "हे महामुने ! तपाईंका समक्ष म विन्ति गर्न चाहन्छु – 'म ७८' वर्ष पुगें । प्रब्भारमा पुगें, मेरो वैश परिपक्व भयो, मेरो जीवन छोटो छ, तपाईंलाई छाडेर जानेछु, मैले आफ्नो शरण बनाइसकेकी छु ।"

३०. पूर्ववत्, पादटिप्पणी नं. १, पृ. ७०४

– "हे महावीर ! वैशको् अन्तमा मरण आइपुग्छ, आजको रातमा निर्वाणमा पुग्ने छु ।"

– "हे महामुने ! जाति, जरा व्याधि छैन तथा मरण भन्ने पनि छैन, असंस्कृत अजरामरण पुरमा जानेछु ।"

– "शास्ताको उपासना गर्ने परिषद्लाई यदि मेरो कुनै अपराध थाहा छ भने उनीहरूले त्यसलाई शास्ताको अगाडि क्षमा गरून् ।"

– "हे महावीर ! संसारमा विचरण गर्दा तपाईं प्रति मेरो कुनै त्रुटी भएको छ भने, म प्रार्थना गर्छु, मेरो अपराधलाई क्षमा गर्नुहोस् ।

– उहाँको वचन सुनी मुनीन्द्रले यस्तो भन्नुभयो– ' परिनिर्वाण भएर जानेवालालाई अधिक के भनूँ र बरू मेरा सबै शासनकारी परिषदको शङ्का दूरगरी ऋद्धि देखाऊँ ।

– "हे महामुने ! ऋद्धि, दिव्यश्रोत - धातु तथा चेतोपरियज्ञान अर्थात् परिचित ज्ञानहरू पनि मेरा वशमा छन् । पूर्वेनिवासलाई जान्छु । दिव्यचक्षु विशुद्ध छ, सबै आस्रवहरू क्षीण भएका छन् । अब उप्रान्त पुनर्भव पनि छैन । तपाईंको कारणले अर्थ, धर्म, निरूक्ति तथा प्रतिभाण–ज्ञान पनि प्राप्त भएकै छ ।[३१]

"यसोधराथेरीअपदानमा" उल्लेखित स्वयं यशोधरा भिक्षुणीले मुनिराजलाई वन्दना गर्दै महानऋद्धि प्रदर्शन गरी व्यक्त गर्नु भएका वचनहरूले 'यशोधरा भिक्षुणी' को पूर्ण दिएको पाइन्छ ।

यशोधरा स्थविराद्वारा अतीत - संस्मरण

– पहिलेका लोकनाथहरूसँग सङ्गम भएका कुराहरू तपाईंले राम्रैसँग देख्नु भएकै छ, तपाईंकै निमित्त मैले धेरै अधिकार (=प्रणिधान) पूरा गरेँ ।[३२]

– "हे महावीर ! मैले पूरा गरेका जुन पूर्व कुशल कर्महरू हुन् ती जम्मै पुण्यहरू तपाईंकै कारणले कमाउन सकेकी हुँ भन्ने कुरा तपाईंलेपनि स्मरण गर्नु भएकै होला ।

– "हे महावीर ! अव्यय - स्थानलाई वर्जित गरी, अनाचारलाई रोकी, तपाईंकै निम्ति मैले जीवन परित्याग गरे ।"

– "हे महामुनि ! अनेक सहश्रकोटीबार तपाईंले मलाई भार्याको रूपमा दिनुभयो, तपाईंकै निम्ति म त्यसमा पनि वेखुश भइन्' । ... यसरी अनेक सहश्रकोटीबार मैले जीवन परित्याग गरे ।"

यसरी यशोधरा भिक्षुणीले आफूले अतीतका जीवनमा महामुनिसँग समागम हुँदा आफूले भोगेका, पाएका अनुभूतिलाई आफूले प्राप्त गरेका दिव्यश्रोत, दिव्यचक्षु, चेतोपरियज्ञान पूर्वे निवास ज्ञान आदि स-विस्तार गर्नु भएका छन् । यशोधरा भिक्षुणी परिनिर्वाण पूर्व सम्म प्राप्त गरेका अनेक दिव्य ज्ञान, ऋद्धि आदि प्राप्तिलाई ।

**यशोधरा भिक्षुणीद्वारा ऋद्धि प्रातिहार्य –**

मुनिको वचन सुनी यशोधरा भिक्षुणीले मुनिराजलाई वन्दना गरी यस्तो विन्ति गर्नुभयो[३३]–

– "हे वीर ! म यशोधरा हुँ" घरमा तपाईंकी प्रजापति थिएँ स्त्री अङ्गमा प्रतिष्ठित भएकी म शाक्य कुलमा जन्मेकी थिएँ । "हे महावीर ! तपाईंका घरमा भएका एकलाख छयान्नब्बे नवयुवती स्त्रीहरूका प्रमुख भई मैले सबै ऐश्वर्य प्राप्त गरे ।"

– "रूप तथा आचरण गुणले युक्त भएकी म परम यौवन प्राप्त प्रियवादिनी थिएँ देवताहरूलाई झैं सबै मनुष्यहरूले मलाई सम्मान गर्थे

– "शाक्यपुत्रका निवासस्थानमा भएका एकलाख कन्याहरूमा प्रमुख भई समान सुख-दुःख अनुभव गरी नन्दनवनका देवताहरू झैं म बसेँ ।

– " काम - धातुबाट उत्तीर्ण भई रूप-धातुमा प्रतिष्ठित भएकी म समान रूपवती लोकनायक बाहेक अरू कुनै पनि छैन ।"

– "अनि सम्यक्सम्बुद्धलाई अभिवादन गरी यशोधरा भिक्षुणीले शास्तालाई ऋद्धि अनेक प्रकारका महानऋद्धिहरू पनि देखाउनु भयो ।

– "संसार चक्र समान काय, उत्तर कुरूलाई शीर दुई द्वीपलाई दुई पखेटा, जम्बुद्वीपलाई आङ्ग दक्षिण तलाउलाई पुच्छर, अनेक शाखाहरूलाई प्वाँखहरू, चन्द्र सूर्यलार्य दुई आँखा, सुमेरूपर्वतलाई बनाई पंखा हम्काउने जस्तै गरी आई लोकनायकलाई वन्दना गर्नुभयो ।

– "हात्ती, घोडा, सागर, पर्वत, चन्द्र सूर्य तथा

३१. पूर्ववत् पादटिप्पणी नं. १, पृ. ७०८

३२. ऐजनन् पृ. ७०८

३३. ऐजनन् पृ. ७०८

शकको रूप पनि देखाउनु भई– "हे महावीर ! म यशोधरा हुँ" भन्दै बुद्धको पादकमलमा वन्दना गर्दै सहश्रलोकधातुलाई सुपुष्पित पद्मकमल बनाई त्यसले बुद्धको चरणकमल छोप्नुभयो ।

– "त्यस्तै गरी ब्रह्म रूपकोपनि निर्माण गरी शून्यताको धर्मोपदेश गर्नुभई 'हे वीर! म यशोधरा हुँ चक्षुमान्को पादकमलमा वन्दना गर्छु भनी भन्नुभयो ।"[३४]

यशोधरा स्थविराले आफूले प्राप्त गर्नु भएका ज्ञानलाई सबैले थाहा पाओस् भन्ने उद्देश्यले विभिन्न ऋद्धि प्रदर्शन पछि व्यक्त गर्नु भएका कुराले "यशोधरा स्थविरा" बुझ्न धेरै सहयोग पुगिन्छ ।

– "हे महामुनि ! सुख - दुःखको अनुभव गरी "सम्बुद्ध" ले जुन धर्मलाई प्राप्त गर्नुभयो, मैले पनि सोही मार्गको अनुगमन गरी बोधिज्ञान प्राप्त गरे । ऋद्धि, दिव्यश्रोत धातु, चेतोपरियज्ञान, पूर्वे निवासज्ञान, दिव्यचक्षु आदि प्राप्त गरेको छु । मेरा दिव्यचक्षु विशुद्ध छ, सबै आस्रवहरू क्षीण भएका छन् अब उप्रान्त पुनर्भव पनि छैन । तपाईको कारणले अर्थ, निरूति तथा प्रतिभाण-ज्ञान पनि प्राप्त भएकै छ ।"

भिक्षुणी यशोधराले भगवान् बुद्धसँग धेरे अतीत-संस्मण गर्नु भई व्यक्त गर्नु भएका यी वाक्यहरू– "अरू लोकनाथहरूको तुलनामा तपाई सँगको मेरो सङ्गम अधिक छ ।"

– "हे महामुनि ! म तपाईंकी परिचारिका हुँ, बुद्धधर्मको गवेषण गर्दै तपाईंको निम्ति मैले धेरै अधिकार पूरा गरेको छु ।"

एकलाख चार असंख्य कल्पहरू अघि दीपङ्कर तथागतको समयमा यशोधरा स्थविरा सुमित्रा भई जन्मेको समयमा सुमेध ऋषि (अहिले शाक्यमुनि बुद्ध) सँग समागम हुन पाओस् भनी गरेका कामनालाई संस्मरण गर्दै बताउनु भएका - "सुमेधको सुकृत्य कर्मप्रति चित्त प्रसन्न गरी, असंख्य कालसम्म देव- मनुष्य जुनीहरूमा अनेक सुख-दुःखको भोग गर्दै अन्तिम जन्ममा पुग्दा म शाक्यकुलमा जन्मिएँ ।" यसरी अन्तिम जन्मसम्ममा प्राप्त गरेका अनेक अनुभूति, प्रव्रजित भिक्षुणी जीवनमा आफूले प्राप्त गरेका ज्ञान, फल व्यक्त भएका थिए– "जसले स्व आत्मालाई महर्षिको पुण्यकार्यको निमित्त प्रदान गर्नेछ, उसले त्यस कर्मद्वारा निर्वाण सम्पदा प्राप्त गर्ने छ ।"

– "भूत, भविष्य तथा वर्तमानकाल क्षीण भइसक्यो, मेरा सबै कर्महरू पनि क्षीण भए, हे चक्षुमान ! पादकमलमा वन्दना गर्छु ।"[३५]

यसरी यशोधरा स्थविराले भगवान् बुद्धलाई वन्दना सहित आज्ञा लिनुभई "यशोधरा स्थविरा महापरिनिर्वाण" मा जानु भएको कुरा थेरीगाथाअवदान सहित विभिन्न बौद्ध ग्रन्थहरू उल्लेख भएको पाइन्छ ।

**उपसंहार** –

बौद्ध साहित्यहरूमा 'यशोधरा स्थविरा' को बारेमा विशेषरूपले समुल्लेख भएका छन् । शाक्य मुनि बुद्धलाई "सम्यक्सम्बुद्धत्व" लाभ गराउनु सहयोगी भूमिका निभाउन सफल बोधिज्ञान प्राप्त गरी सम्पूर्ण क्लेश नाश गरी अर्हत भई महापरिनिर्वाण जानु भएकी यशोधरा स्थविरा हुन् । त्रिपिटकका सबै जस्तो ग्रन्थहरूमा स्थविरा यशोधराका गुणहरूका बारे वर्णन गरिएका छन् । ती मध्ये पनि यी ग्रन्थहरू– थेरी अपदान गाथा पालि बुद्धवंश, महावंसो, अङ्गुत्तरनिकाय संयुक्तनिकाय, धम्मपदट्टकथा, महावग्गपालि, थेरीगाथापालि, जातकमाला, जातक अपदानकथा, थेरीगाथाअट्ठकथा, अभिधानप्पादीपिका आदिमा यशोधरा देवीको बारे समुल्लेख भएका छन् । यी ग्रन्थहरूमा उल्लेख भए अनुसार एकलाख चार असंख्य कल्पहरू अघि दीपङ्कर बुद्धको पालादेखि नै यशोधरा देवीको सिद्धार्थ बोधिसत्वसँग सम्बन्धको सुरूवात भएको हो । दीपङ्कर तथागतबाट नै उनीहरूका बीच भविष्यमा परम्परा सुसम्बन्ध रही परस्पर सहयोगी भई सुमित्रा सुमेधकी सुप्रिया समचारिणी हुनेछन् । सुमेध ऋषिलाई यहाँदेखि एकलाख चार असंख्य कल्प पछि बुद्ध हुनेछन् भन्ने कुराको समेत व्याकरण गर्नु भएका उनीहरू दुवैको अन्तिम जन्ममा शाक्यकुलमा जन्म भई सिद्धार्थ बोधिसत्वले 'सम्यक्सम्बुद्धत्व' प्राप्त गरी सबै सत्वप्राणीहरूलाई उद्धार गर्नु भएका थिए भने यशोधरादेवी प्रव्रजित भई बोधिज्ञान प्राप्त गरी अर्हत भई

३४. पूर्ववत्, पादटिप्पणी नं. १, पृ. ...

३५. ऐजनन् पृ. ७१८

महापरिनिर्वाण पद लाभ गर्नु भएकी थिइन् ।

थेरी अपदानअट्ठकथामा, यशोधरा स्थविराले भगवान् बुद्धलाई आफू परिनिर्वाणमा जानु अगाडि अन्तिम दर्शनमा भन्नु भएका कुराहरूले उहाँका बारे थाहा पाउन अति सजिलो भएका छन् । यस अट्ठकथाको ६६ गाथा अन्तिम जन्ममा स्वयं आफ्नो बारे यसरी बताउनु भएका थिए तथागत दीपङ्करको पालामा आफू सुमित्रा हुँदा सुमेध ऋषिको त्यो सुकृत्य कर्मप्रति चित्त प्रसन्न गरी असंख्य कालसम्म देव-मनुष्य जुनीहरूमा अनेक सुख-दुःखको भोग गर्दै अन्तिम जन्ममा पुग्दा शाक्यकुलमा जन्मिई रूपवती, भोगवत? यशवती, शीलवती तथा सर्वाङ्ग सम्पन्ना भई सबैको सत्कार प्राप्त गरी लाभसत्कार तथा यशकीर्ति आदि लोक धर्महरूले सम्पन्न भई सम्मानपूर्वक दरवारमा बसेको बताउनु भएको थियो ।

यसै थेरी अपदान अट्ठकथाको ९० गाथादेखि यशोधरा स्थविराले बताउनु भएका थिए– संसारबाट विरक्त भई प्रव्रजित हुँदा सहश्र परिवारहरूका साथ अकिञ्चना भई प्रव्रजित भई आधा महिना नपुग्दै चतुसत्यज्ञान प्राप्त गरेको बताउनु भएको थियो । उहाँले क्लेशलाई भस्म पारियो, अनास्रवी भई विहार गरेकी, चार प्रतिसम्भिदा प्राप्त गरेको, बुद्धशासन पनि पूरा गरेका अनेक कुराहरू बताउनु भएका थिए । उहाँले विशुद्धभाव प्राप्त गरी सबै सम्पन्नतामा पुगेको चित्तले "जसले स्व. आत्मालाई (चित्तलाई) महर्षिको पुण्यकार्यको निमित्त प्रदान गर्नेछ, उसले त्यस कर्मद्वारा निर्वाण सम्पदा प्राप्त गर्नेछन्" भनी परिणामना समेत भई भगवान बुद्धको पादकमलमा वन्दना गरी परिनिर्वाणका लागि जानु भएको उल्लेख पाइन्छन् ।

यस "महाभिज्ञालाभिनी यशोधरा स्थविरा" आचार्य डा. अमृतानन्दद्वारा लेखिएको बुद्धकालीन श्राविका चरित, भाग-१ बाट साभार गरिएको हो यस ग्रन्थमा महास्थविर अमृतानन्द भन्तेले सम्पूर्ण पालित्रिटिपकलाई गहन अध्ययन गर्नु भई साना साना मसिना कुराहरूलाई समेत केलाउनु भई "यशोधरा स्थविरा" शीर्षक दिई विस्तारमा लेख्नु भएका छन् । यस ग्रन्थ पढ्ने पाठकले अझ राम्रोसँग बुझोस् भन्ने उद्देश्यले अति राम्रोसँग पादटिप्पणी पनि दिनु भएका छन् । उहाँ जस्तो बहुमुखी प्रतिभाशाली महास्थविर भन्तेलाई यस्ता अमूल्य ग्रन्थहरूलाई सरल भाषामा व्याख्या, अनुवाद आदि गरिदिनु भएकोले उहाँलाई हृदयदेखि नै धेरै साधुवाद ! समाप्त ॥

'भवन्तु सर्व मङ्गलम् ।'

*सन्दर्भ ग्रन्थहरू –*

१) शाक्य, धर्मरत्न, अङ्गुत्तरनिकाय (प्रथम भाग) अनु. तथा सम्पादक, काठमाडौं, नेपालभाषा बौद्ध ग्रन्थ प्रकाशन, वि.सं.
२) वज्राचार्य, दुण्डबहादुर, जातक (भाग-१,२,३,४,५,६), ललितपुरः वीर-पुर्ण पुस्तक सङ्ग्रहालय, आवृति वि.सं. २०७६
३) भिक्षु अमृतानन्द, बुद्धकालीन श्राविका चरित (भाग-१), ललितपुरः वीर-पूर्ण पुस्तक सङ्ग्रहालय, आवृति वि.सं. २०७६
४) भिक्षु अमृतानन्द, बुद्धकालीन गृहस्थी (भाग-१,२,३) ललितपुरः वीर-पूर्ण पुस्तक सङ्ग्रहालय, आवृति वि.स. २०७६
५) भिक्षु अमृतानन्द, बुद्धकालीन राजपरिवार (भाग-१,२,३) ललितपुरः वीर-पूर्ण पुस्तक सङ्ग्रहालय, आवृति वि.स. २०७६

## **धम्म डिजिटलको प्रथम वार्षिक उत्सव** क्रमशः

धम्मडिजिटल विवरणमाला-१ का प्रकाशन दाता गौतम नारायण महर्जन प्रमुख सपरिवार हुनुहुन्थ्यो भने धम्मचक्कप्पवत्तन सुत्तं पुस्तकका दाता धम्म डिजिटल टीम परिवार हुनुहुन्थ्यो । यस पुस्तकका अनुवादक एवं सम्पादक मदन रत्न मानन्धर हुनुहुन्छ ।

कार्यक्रममा धम्मडिजिटल विवरणमाला पुस्तकका दाता गौतम नारायण महर्जनलाई कार्यक्रमका प्रमुख अतिथिबाट धम्म उपहार एवं परिवारका सदस्यहरूलाई खादा ओढाई सम्मान गर्नुभएको थियो ।

यसरी नै धम्मचक्कप्पवत्तन सुत्तं पुस्तकका अनुवादक मदन रत्न मानन्धरलाई पनि सम्मान गर्नुभएको थियो ।

यसरी नै कार्यक्रममा लेखक रत्न सुन्दर शाक्य, ललितपुर महानगर पालिकाका प्रवक्ता वडा नं. ९ का अध्यक्ष राजु महर्जन, धापाखेल बुद्ध विहारका अध्यक्ष श्री बुद्ध बहादुर महर्जन लगायत धम्मडिजिटलको लागि सहयोग गर्नुहुने दाताहरूलाई पनि धम्म उपहार प्रदान गरिएको थियो । *( क्रमशः २५ पेजमा हेर्नुहोला )*

# थःथितिप्रति पूवंकेमाःगु कर्तव्य

✍ सुनिता मानन्धर

सिद्धार्थ नकतिनि बूम्ह थः काययात त्वःता वन। याकः काय जुयाः नं थः मांबौयात मस्वल। मांबौया सेवा मयात। पतिब्रताम्ह यशोधरायात याकःचा वाना वन। राजकुमार सिद्धार्थ निर्दयी खः उकिंराजकुमार सिद्धार्थ बुद्ध जूगु सार्थक मजू। थुकथंया तर्क तइपिं थन म्हो मजू। अझ धाये थुकथं कुंखिना जुइपिं थन यक्व दु।

भ्वाट्ट न्यनेबलय् थ्व सकतां खः थें च्वं। थुगु खँ न्यनेवं राजकुमार सिद्धार्थं थः मांबौप्रति यायेमाःगु कर्तव्य पूमवंकू थें च्वं। थः कलाः व कायप्रतिया कर्तव्य वाः मचायेकू थें च्वं। तर बुद्धयात धाथें थुइकेगु खःसा थ्व सत्य मखु। झी व झीगु दथुइ नं निगू कथंया बिचाःयापिं दु। गुलि थः व थः जःया लागिं जक शान्तिया कामना याइ, अले उकथंया हे ब्यवहार याइ। तर गुलिसिनं धाःसा थः छेँजः व परिवार जक मखु, सकसियां हितया कामना याइ। सकसियां हितया ज्याखँ याइ। तथागत बुद्धं नं थः छेँजःया लागि जक मखु, सकसियां हितया लागि थः छेँजः त्याग यानाबिज्यात।

राजकुमार सिद्धार्थ गृहस्थी जूसां याउँक जीवन हनेदइम्ह खः चक्रवर्ती जुजु जुयाः राज्य याये दइम्ह खः। लोकजनं माने याकाः च्वने दइम्ह खः। तर तथागत बुद्धं थः याकःचा याउँक जीवन हनेगु बिचाः यानाबिमज्याः। वसपोलं हाकनं हानं जन्म काये म्वाःलीगु लँपु मालाबिज्यात। वसपोलं पलखया सुखयात त्याग यानाबिज्यात।

छेँजः त्वःतेवं वसपोलं याउँक बुद्धत्व प्राप्त यानाबिज्याःगु नं मखु। थुकिया लागिं वसपोल यक्व कुतः यानाबिज्यात। लां लां तक छुं हे मनसे च्वनाबिज्यात। दुःख, सत्यता बोध यायेत अधिष्ठान यानाबिज्यात। थनं लिपा जक वसपोलं अनित्य दुःख अनात्म कथं दुःख सत्ययात ध्वाथुइका बिज्यात। वसपोलं बोध यानाबिज्याःगु सत्यं लखौंलख प्राणीया उद्धार जुल। लखौंलख प्राणी सांसारिक बन्धनं मुक्त जुल। गुलिं अर्हतफल प्राप्त यात धइगु ल्याःचाः मदु। अथेहे गुलि स्रोतापन्न जुल। गुलि सकृदागामि जुल। गुलिं अनागामि जुल धइगु ला झन् धाये फइगु हे मखुत। थुकथं वसपोलं लखौंलख प्राणीयात दुःख मुक्त यानाबिज्यात। अथे ला तथागत बुद्ध चक्रवर्ती जुजु जूसां सकसियां यःम्ह जुजु जुइगु जुइ। प्रजाया सुख दुःखय् साथ बीम्ह जुजु जुइगु खइ। जनतायात सुखं तइम्ह जुजु जुइगु जुइ। तर जुजु सिद्धार्थं प्रजायात जन्म-जन्मया आनन्द बी फइ मखु। जन्म मरणया बन्धनं मुक्त याये फइ मखु। दुःख व दुःखं वइगु यथार्थ सत्ययात थुइका बी फइ मखु।

तथागत बुद्ध छम्ह मचाया बौ खः गृहस्थी जीवनय् हे वसपोलया काय दुगु खः गुम्हेसित राहुलया नामं सकसिनं सिउ। तथागत बुद्धं राहुल जन्म जुइवं गृहत्याग यानाबिज्यात, अनं लिपा राहुल कुमार थः बौपाखें तापात। वं थः बौयात म्हमसिल। व बौया माया मतिना काये मखन। थ्व यथार्थ खः। तर थः नापं च्वंम्ह बौम्हं जक सदां सुख बी धयागु नं मदु। छन्हु तथागत बुद्ध कपिलवस्तुइ भिक्षाटन बिज्यात। थुगु इलय् यशोधरां थः कायायात बौम्ह म्हसीकें बिल। अले वसपोलयाथाय् वनाः अंश फ्वंके छ्वल। थःके अंश फ्वंवःम्ह राहुल कुमारयात वसपोलं थःगु अंश बियाबिज्यात। वसपोलं राहुलयात बुद्ध शासनय् दुकयाबिज्यात। थुकिं यानाः राहुल कुमारं चतुआर्य सत्ययात थुइके फत। न्ह्य् दँया नच्चागु वैंशय् अर्हत जुल। जन्म मृत्युया जंजाल तापात। थन तथागतं छम्ह बौया दायित्त्व पूवंकल। राहुल कुमारयात धन, सम्पत्ति, मान सम्मान स्वया च्वय्या अंश बियाबिज्यात। संसार या बन्धनं मुक्त यानाबिज्यात।

तथागतं कायप्रति यायेमाःगु कर्तव्य जक पूवंकूगु मखु। मांबौप्रति यायेमाःगु कर्तव्य नं पूवंका बिज्याःगु दु। वसपोलं बुद्धत्व प्राप्त यानाबिज्यात। अनं लिपा कपिलवस्तुइ भिक्षाटन बिज्यात। थुगु इलय् वसपोलं थः बौ जुजु शुद्धोदन व चिरिमां प्रजापति गौतमीयात धर्मदेशना कनाबिज्यात। थुगु हे धर्मदेशना न्यनाः जुजु व लानि स्रोतापन्न जुल। उमिसं सतमार्ग म्हसिलं। सत्यबोध जुल। थुकिं यानाः जुजुयात राजकाज याये अःपुल। जुजुया मृत्यु लिपा बुद्ध शासनय् भिक्षुणी शासन नं न्ह्यात। दकलय् न्हापां लानि प्रजापति गौतमी थुगु दुशासनय् दुहां वःगु खः। थुगु शासनय् दुहाँ वयाः गौतमी अर्हत फल प्राप्त यानाबिज्यात। तथागत बुद्धयात जन्म बिउम्ह मां मायादेवी खः गुम्ह वसपोल जन्म जुयाः न्ह्य्न्हु

दुबलय् मंत । मायादेवी सिनाः देव लोकय् जन्म जूवन । थः पुत्र धर्म पूवंकेत तथागत देवलोकय् बिज्यात । अन वसपोलं मायादेवीयात धर्मदेशना न्यंकाबिज्यात ।

तथागतं थः मिजं जुयाः मिसाप्रति यायेमाःगु कर्तव्य नं पूवंकाबिज्याःगु दु । धाइ कलाः भाःतया दथुइ सुं वइ मखु । उमि दथुया ल्वापु नं ताः ई तक च्वनी मखु । तथागत बुद्ध छन्हु कपिलवस्तुइ भोजनय् बिज्यात । थुगु इलय् सकलें न्ह्यःने थ्यन । तर यशोधरा मथ्यं । भोजन लिपा वसपोल यशोधराया क्वथाय् बिज्यात । सुयां न्ह्यःने कने मखंगु थःगु उकुसमुकुसयात यशोधरां वसपोलया न्ह्यःने ब्वया बिल । थःगु वेदनायात ख्वबिया रुपय् पिकया बिल ।थुकिं यानाः यशोधराया मन याउँसे च्वन । लिपा यशोधरा बुद्ध शासनय् दुहां वन । थुगु शासनं हे अर्हत नं जुल ।

आः छकः थःथितिया खँ नं न्ह्यथने । नन्द तथागतया किजा खः । कपिलवस्तुई नन्दकुमार व सुन्दरी नन्दाया इहिपाया खँ क्वःजित । थुगु यलय् तथागतयात भोजन निमन्त्रणा यात । भोजन क्वचायेकाः नन्द कुमार वसपोलया पात्र ज्वनाः लिउलिउ वल । तथागतं नन्द कुमार सांसारिक बन्धनय् तक्यनेत्यंगु खन । दुःखया जंजालय् दुनीगु खन । उकिं वसपोलं नन्द कुमारयात प्रव्रजित यानाबिज्यात । नन्द कुमार प्रव्रजित जुइ मास्ति मवः अय्नं तथागतं नन्दयात सुमार्ग क्यनेगु बिचाः यात । प्रव्रजित जुयाः छुं न्हि नन्दयात थाकुल, तर जब नन्दं सत्यया बोध यात, वं जीवनयात बांलाक ध्वाथुइकल । थन तथागतं छम्ह दाजुया कर्तव्य पूवंकाबिज्याःगु खः । क्वकालिं लँपु द्रंकल कि थकालिं वयात पनी । थकालिं दीर्घकाल सुख जुइगु लँपु क्यना बी । तथागतं नं नन्दयात थथे हे यानाबिज्यात ।

बुद्धशिक्षां सदां बहुजन हिताय, बहुजन सुखायया बोध याकी । थुकि सुं छम्हेसिया जक भिं याइगु मखु । सफल प्राणीया उद्धार याइ । सकल प्राणीयात दुःखं मुक्त याइ । उकिं बुद्ध शिक्षां भ्कीत सदां भवतु सब्ब मंगलया गाथा बोध याकाच्वनी । सदा सकसियां मंगल जुइमा धइगु कामना याकाच्वनी । ■



# Loving - Kindness: A Path to Peace

**- Ariya Nani**

"Peace is more than the absence of war." this statement rang in my ears as I thought about peace and the ways that create and bring it about.

Wars and conflicts arise out of anger, aversion and ill-will. If we want the violence to stop we must abandon these thoughts of anger, aversion and ill-will. But the abandoning alone of these unwholesome states of anger and their like is not yet enough to create a sense of peace and mutual understanding. We have to replace these unwholesome states of mind through active harmony - and peace - generating states.

In the buddhist scriptures the opposite to mental states of anger and aversion is a state called loving - kindness, or metta. Other translations for metta or loving - kindness is wishing well for others, the wish for other beings' welfare. It is not only not having aversion or ill-will to wards somebody else, but it is a state of mind that actively wishes for the other being's welfare. It is completely different from the ordinary love in the meaning of sensual, emotional or sentimental love which is always accompanied by attachment. Metta is love without a desire to possess, it is detached love.

If our minds were completely suffused with this sense of loving - kindness, metta, then no more thoughts of anger or ill-will would have the chance to arise. With the absence of these unwholesome states of mind and the upholding of these thoughts of loving - kindness there would be harmony and understanding in the communities we live in. In this way it could serve as a strong and powerful base for peace.

Peace within and peace without.

Peace within means to come to peace within oneself, to make peace with oneself, to be this peace and to live this peace. Peace without means to be at peace with whatever situation or with whatever person one is confronted.

How can we develop or train this state of mind called loving - kindness or metta ? In the buddhist scriptures it is called **metta - bhavana** or **loving - kindness meditation.** It is one of the four

Brahma viharas or Sublime States of Living. It is called sublime because to have a mind completely free from any states of aversion or ill - will is not so easy as we know from our own experience.

It is advised to develop these thoughts of goodwill firstly towards oneself. Because the genuine wish for the other being's welfare can come only about if we are able to wish it for ourselves. A mind that is poisoned at the source cannot radiate wholesome thoughts of loving - kindness towards others. This means that we first have to come to peace within, to come to peace with ourselves. We have to give up all unwholesome thoughts connected with ourselves and the unwholesome attitudes towards ourselves by developing the wholesome state of loving - kindness towards ourselves.

This can be done by saying internally: "May I be happy, healthy and well; may I live at ease and in peace." We do it as long as it takes to make it firmly established in our minds and until our whole body and mind is suffused with this feeling of goodwill. After that we can switch and develop this feeling of metta towards other persons, other groups of persons or all living beings.

In the systematic training of metta - bhavana there is a clearly defined order of the persons that should be taken as the object of metta meditation. I do not want to go into detail here; instead I will describe it in a more general way.

So first when we switch from ourselves to other persons we may say: "Just as I want to be happy, healthy and well, may these persons also be happy, healthy and well." This acknowledges the very basic wish of every sentient being to be happy and well. Nobody wants to live in misery and unhappiness.

With this we build the bridge to other sentient beings. From our own experience we know that we are constantly trying to create favorable conditions to live happily and peacefully. Other beings are just the same as ourselves; they too want to live in conditions that are favorable for happiness and peace. With this in mind we wish that they may be able to be happy and well. So later we may say: "May these persons be happy, healthy and well; may they live at ease and in peace."

This loving - kindness or goodwill, metta, has to be firmly established in our mind. Through intensive and repeated practice it is possible to strengthen this wholesome state of mind and at the same time to weaken the unwholesome mental states of anger, aversion and ill - will. Of course, the best thing would be to completely erradicate all states of anger and their like and have a mind all the time suffused with thoughts of loving - kindness and benevolence towards oneself and the whole world.

This state of metta encompasses ALL living beings without exception and without discrimination. It breaks all barriers that separate beings form one an other. There must be room in one's heart for every single being that exists without excluding anyone. When loving - kindness is developed in its fullest potential there are no more categories such as beloved persons, or enemies, or respected persons, or disliked persons. These separating barriers have fallen away and one has the same benevolent attitude towards all living beings.

As much as we are able to dwell in a mind filled with metta, so much will there be peace in and around us. However, if we look around us what we see and hear mostly are scenes of quarrel, dissentions, jealousy, violence, fighting and wars. Most people's hearts are not at peace, there is war within our hearts and mind. The different wars that are going on worldwide are only the outer manifestations of the wars that are going on in our hearts. That is why we first have to stop the wars within and come to peace with ourselves. After having established a firm sense of loving - kindness in our minds, it will also manifest through actions of body and speech. When we speak with other people our speech will be a manifestation of this loving - kindness and produce words that are soft, beneficial and sweet to the ear. We will speak words that contribute to the other person's well - being and that do not hurt, insult or harm in any way.

And in the same way also our physical actions will be done with the same intention to help the other person, to contribute to his or her welfare. Metta is the base upon which all physical actions are performed. We refrain from all actions that may hurt or injure others, or contribute to their ruin.

Each and every person has to develop his or her mind, we cannot do it for others, and others cannot do it for ourselves. When a person's mind is strongly developed with this loving - kindness, when the mind is vibrant with thoughts of metta, it will have an influence on other beings. Being in the presence of a person with a loving, calm and peaceful mind, one is also more likely to become calm and peaceful oneself. To create peace in the world we must first create peace within and then live it by actions of body, speech and mind.

It is difficult to change the world, but we can start to change ourselves, this is within our reach.

Just as the ripples of the water spread out in concentric circles when a stone is thrown into a still pond, so will the radiance of our mind filled with loving - kindness shine brilliantly encompassing more and more beings.

The following story (Visuddhimaagga, IX 64f.) is illustrating the power and influence of a mind developed with loving - kindness. In return such a person is loved and respected by human beings as well as by non-human beings.

The story or Visakha Thera :

At one time Visakha, who was a rich Indian man, arrived at the Great Monastery in Anuradhapura (Ceylon) and asked to be ordained as a monk. The first five years he stayed there in that monastery and studied hard. After that he started to practise meditation. He always stayed for four months in one monastery and then proceeded to an other one. Once when he was on his way to a monastery on the Cittalamountain at the southern end of the island, he came to a junction. Not knowing which way to take he stood there wondering which turn to take. A deva of that mountain came to him saying: "You should take this route." When he arrived at that monastery he also stayed for four months. After four months had passed he got up in the morning and started to think about which place he should go next. As he was reflecting thus, he heard somebody crying. When he looked towards the direction from where the noise was coming he saw a deva sitting on the stairs of the veranda. The monk asked: "Who are you and why are you weeping ?" The deva replied: "I am the deva of that tree and I am weeping because you will leave this place." The monk asked what benefit the deva would get from his stay there. So the deva replied: "Your presence, Venerable Sir, has brought about a feeling of loving - kindness among us deva. If you will leave then quarrel and dissention will break out again. That is why I request you to stay here." Then Venerable Visakha said: "If my stay here makes you live at peace, then I will stay on here." So he stayed an other four months, and an other our months, and an other four months, because each time he wanted to leave he was requested to stay on by the deva. He stayed in that monastery until the end of his life when he entered parinibbana.

We should follow Venerable Visakha'a footsteps and always try to have a heart full of loving - kindness, wherever we go and whomever we meet. This will bring peace within and without.

■

**धम्म डिजिटलको प्रथम वार्षिक उत्सव** बाँकी अंश … …

कार्यक्रमा आ-आफ्ना मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो–

भिक्षु धर्ममूर्ति महास्थविर, भिक्षु निग्रोध महास्थविर, भिक्षु बोधिज्ञान महास्थविर, मदन रत्न मानन्धर आदि । उक्त कार्यक्रममा भिक्षु अस्सजीले प्रमुख अतिथि एवं विशेष अतिथीहरूलाई धम्म उपहार चढाउनु भएको थियो ।

कार्यक्रममा करुणावती गुरुमां र अम्बिकादेवी सुवालले जलपान प्रायोजन गर्नुभई पुण्य सञ्चय गर्नु भएका थिए ।

कार्यक्रमको अन्त्यमा भिक्षु सुजिमोले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने सभापति भिक्षु अस्सजीले आफ्नो मन्तव्य सहित पुण्यानुमोदन गरी कार्यक्रम समापन गर्नुभएको थियो । ■

- **"अनर्थ पदले युक्त हजारौं कुराहरू गर्नु भन्दा अर्थपूर्ण एउटा मात्र भएपनि कुरा गर्नु उत्तम छ । जुन कुरा सुनेर शान्ति प्राप्त हुनेछ ।"**
- **"अनर्थ पदले युक्त हजारौं गाथाहरू सुन्नु भन्दा अर्थपूर्ण गाथा एउटै मात्र भएपनि सुन्नु उत्तम हुनेछ। जुन गाथा सुनेर शान्ति प्राप्त हुनेछ ।" – *धम्मपद***

बा.अ.का.द.नं. - ७०/०४०/४१ गो.हु.का. (साविकको म.क्षे.हु.नि.द.नं.) १७/०६५/०६६ (०७७/०७८)

# धम्म डिजिटलको प्रथम वार्षिक उत्सव




*धम्म डिजिटलको कार्यकारिणी सदस्यहरू*

*२०७७ फागुन १० गते, सोमवार*
*स्थान- धापाखेल बुद्ध विहार, ललितपुर*

यसदिन धम्मडिजिटलको प्रथम वार्षिकोत्सव कार्यक्रम धम्मडिजिटलका संयोजक श्रद्धेय भिक्षु अस्सजिको सभापतित्त्व एवं नेपाल बौद्ध परियत्ति शिक्षाका केन्द्रिय परीक्षा नियन्त्रक श्रद्धेय भिक्षु बोधिज्ञान महास्थविरको प्रमुख अतिथित्त्व एवं अखिल नेपाल भिक्षु महासंघका उपाध्यक्ष भिक्षु धर्ममूर्ति महास्थविर र लुम्बिनी विकास कोषका निवर्तमान भिक्षु निग्रोध महास्थविरको विशेष अतिथित्त्वमा सम्पन्न भएको थियो ।

भिक्षु धर्ममूर्ति महास्थविरले पञ्चशील प्रार्थना गराउनु भएको उक्त कार्यक्रममा गुणकेशरी महर्जनले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने शुभवती गुरुमांले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा धम्म डिजिटल विवरणमाला-१ र धम्मचक्कप्पवत्तन सुत्तं (मूलपालि, Roman Pali, नेपाल भाषा, खस नेपाली र अंग्रेजी भावार्थ सहित) पुस्तक प्रमुख एवं विशेष अतिथिज्यूहरूबाट विमोचन गरिएको थियो ।

*( क्रमशः पेज २१ मा हेर्नुहोला )*

